**जाडो मौसममा चीसोबाट बचौं**
> जाडोबाट बच्न बाक्लो तथा न्यानो कपडा लगाऔं,
> तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
> घर तथा कोठा न्यानो बनाऔं,
> बालबालिका तथा वृद्धवृद्धालाई तेल मालिस गरिदिऔं,
> बढी चीसोमा मर्निङवाक नगरौं,
> दैनिक घाम ताप्ने गरौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

PRATEEK DAILY
# प्रतीक दैनिक
राष्ट्रिय 'क' वर्ग
epratеekdaily.com


निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

❖ वर्ष ३८ ❖ २०८१ मङ्सिर ०८ गते शनिवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 November 23 Saturday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ८५

## ज्येष्ठ नागरिकलाई खुशी रहने कलाको प्रशिक्षण

प्रस, वीरगंज, ७ मङ्सिर/

महीनाको प्रत्येक पहिलो शुक्रवार स्वास्थ्य परामर्श कार्यक्रम गर्दै आएको ज्येष्ठ नागरिक सङ्घ, पर्साले यसपटक बुढ्यौली उमेरमा खुशी रहने, स्वस्थ रहने तथा बुढेसकालको उपयुक्त व्यवस्थापन गर्दै समाजलाई योगदान दिने विषयमा



प्रशिक्षण कार्यक्रम सम्पन्न गरेको छ ।

कार्यक्रममा मनोपरामर्शविद् ब्रह्माकुमार भाइ विजय सिग्देलले उपस्थित झन्डै सयजना ज्येष्ठ नागरिकलाई हसाउँदै, रमाउँदै जीवनलाई सकारात्मक ढङ्गले बाँच्ने कला सिकाएका थिए । स्वस्थ र प्रसन्न रहन ठूलो तामझाम आवश्यक छैन, ठूलो साधनको दरकार छैन, आफ्नै हातखुट्टा, मस्तिष्कको सही उपयोग गरेर रोगबाट जोगिन सकिन्छ, रोग भगाउन सकिन्छ भनी बताएका थिए ।

सङ्घ पर्साका अध्यक्ष श्यामकुमार पोखरेलको अध्यक्षतामा भएको कार्यक्रममा मनहरिको आमा घर सेवा केन्द्रका अध्यक्ष रामचन्द्र उप्रेतीलगायत सङ्घ पर्साका पदाधिकारीलगायत आजीवन सदस्यहरूको सहभागिता थियो ।

ब्रकु विजय भाइले थपडी बजाउनुको फाइदा, भ्रामरी प्राणायामबाट हुने लाभ, श्वास लिने सही तरीकाबारे बताउँदै ध्यान र योगले मानिसलाई दुश्चिन्ताबाट मुक्त पार्ने मात्र होइन, स्वस्थ जीवन बाँच्न सहयोग पुर्‍याउने बताएका थिए । मनहरिमा बसे पनि वीरगंजका ज्येष्ठ नागरिकहरूलाई आफ्नो खाँचो परेमा जुन बेला पनि उपस्थित भई थप कुराहरू सिकाउने भन्दै, परिवारमा आमाबुबा, भाइबहिनीमा मेल र आपसी स्नेह र परस्पर सहयोगको भावना छ भने सानै आयमा पनि सबैभन्दा खुशी प्राप्त हुन्छ भनेका थिए ।

कार्यक्रममा आमा घर सेवा केन्द्रका अध्यक्ष रामचन्द्र उप्रेतीले समाज सेवाभन्दा ठूलो केही नभएको र आफूले आमा घर सेवा केन्द्र बनाउन सहयोग मात्र गरेको ब्रह्माकुमारी राजयोग केन्द्रको व्यवस्थापन र कल्पनाशीलताले सो ठाउँ मनोरम र पुण्यभूमि बनेको बताएका थिए ।

मनहरिमा ब्रह्मकुमारी राजयोग सेवा केन्द्र, रामचन्द्र उप्रेतीलगायत स्थानीय बासिन्दा एवं सङ्घसंस्था तथा सरकारको सहयोगमा अति रमणीय झन्डै सयजनाभन्दा बढी मानिसले आश्रय लिन सक्ने आमा घर स्थापना भएको छ, जससँग टाँसिएको पार्क अति रमणीय तथा वन, जलले शोभित छ ।

## गढीमाई मेलामा विनाइजाजत ड्रोन सञ्चालनमा रोक

प्रस, वीरगंज, ७ मङसिर/

बाराको महानगढीमाई नगरपालिकाको बरियारपुरमा लागेको पञ्चवर्षीय



गढीमाई मेलामा मन्दिर क्षेत्रमा विनाइजाजत ड्रोन उडाउन र हातहतियार, चक्कु जस्ता वस्तुको प्रयोगमा निषेध गरिएको छ ।

जिल्ला प्रशासन कार्यालय, बाराले शुक्रवार सूचना जारी गर्दै मेला अवधिभरि सो क्षेत्रमा विनाइजाजत कुनै किसिमको ड्रोन क्यामराको प्रयोग गरिए कानूनबमोजिम दण्डित हुनुपर्ने जनाएको छ ।

प्रजिअ वसन्त अधिकारीले सूचनामार्फत त्यस्तो कार्यका लागि अनिवार्यरूपमा अनुमति लिनुपर्ने र अनुमतिबेगर हुने कार्यको भागीदारले सजाय पाउने जानकारी गराएका छन् ।

सूचनामा ड्रोन जडित मानवरहित हवाई उपकरण उडानसम्बन्धी कार्यविधि, २०७५ बमोजिम कुनै व्यक्ति वा संस्थाले ड्रोन क्यामरा उडान गर्ने भएमा जिल्ला प्रशासन कार्यालयबाट अनुमति लिएर ड्रोन क्यामरा उडान गर्ने सक्ने प्रावधान रहेको उल्लेख छ ।

यस वर्षको पञ्चवर्षीय गढीमाई मेला यही मङ्सिर १ गतेदेखि शुरू भएको छ । एक महीनासम्म सञ्चालन हुने मेलामा सबैभन्दा बढी भीड बलिदानीको दिन हुने गर्छ । यसपटक मङ्सिर २३ गते राँगा र २४ गते बोकालगायत पशुपक्षीको बलिको मिति तोकिएको छ ।

## गढीमाई मेलामा दर्जनौं मनोरञ्जनका साधनको व्यवस्था

प्रस, परवानीपुर, ७ मङ्सिर/

पशुबलिका लागि विश्वप्रसिद्ध बाराको बरियारपुरस्थित पञ्चवर्षीय गढीमाई मेला मङ्सिर १ गतेदेखि विधिवत्रूपमा शुरू भएको छ । महागढीमाई नगरपालिका–१ बरियारपुरमा पञ्चवर्षीय गढीमाई मेला शुरू भए तापनि मुख्य मेला मङ्सिर १७ गतेदेखि शुरू हुने मेला मूल समितिले जनाएको छ ।

सो अवधिमा सबैभन्दा बढी भक्तजनहरूको भीड हुने समितिले जनाएको छ । पहिले सवारीसाधनहरू पर्याप्त नभएको र सबैको पहुँचमा निजी सवारीसाधनहरू नभएका कारण मानिसहरूको भीड देखिने गरेको थियो । अहिले मेला शुरू भएसँगै देशका विभिन्न स्थान र भारतका विभिन्न स्थानबाट सवारीसाधन लिएर मानिसहरू मेला हेर्न आउने र जाने क्रम जारी छ । यसैले गर्दा गढीमाई मेलामा परम्परागत भीड नदेखिएको हो ।

सडक सुधार भएको छ र मानिसहरू सवारीसाधनहरूको प्रयोग गर्दै आफू अनुकूलको समयमा गढीमाईको दर्शन गर्दै आएका छन् । मेला शुरू भएसँगै गढीमाई क्षेत्रमा मनोरञ्जनका साधनहरूको तयारी शुरू भएको छ । मनोरञ्जन उपसमितिका संयोजक गजेन्द्र जैसवालले अहिलेसम्म पाँच दर्जन बढीले मनोरञ्जनका लागि स्वीकृति लिएको र सोही अनुसारको व्यवस्थापन

(बाँकी अन्तिम पातामा)

## पोखरिया प्रादेशिक अस्पताल : यश लिन तँछाडमछाड

प्रस, वीरगंज, ७ मङसिर/

पोखरिया जिल्ला अस्पताललाई हिजो बसेको मन्त्रिपरिषदको बैठकले प्रादेशिक अस्पताल बनाउने निर्णय गरेको छ । १५ शय्याको पोखरिया जिल्ला अस्पताललाई मधेस प्रदेश सरकारले साढे चार वर्ष अघि २०७६/१२/२८ मा नै प्रादेशिक अस्पताल घोषणा गरिसकेको थियो ।

प्रदेश सरकारले प्रादेशिक अस्पताल घोषणा गरे पनि यसलाई अनुमोदन गराउनका लागि २०७९/४/१ मा सङ्घ सरकारको स्वास्थ्य मन्त्रालयम पठाएको थियो र मन्त्रालयले सो फाइललाई दुई




सातापछि बसेको मन्त्रिपरिषद्को बैठकमा पेश गरेको थियो । तर मन्त्रिपरिषद्को बैठकले यसबारेमा सामान्य प्रशासनसँग राय मागेको र यसरी सो समयदेखि फाइल अडकिएको थियो ।

हिजो बसेको मन्त्रिपरिषद्को बैठकले पोखरिया अस्पताललाई प्रादेशिक अस्पताल घोषणा गरेपछि यो काम आफ्नो प्रयासमा भएको भनेर राजनीतिक दल, नेता र बहालवाला मन्त्रीहरूले दाबी गर्न शुरू गरेका छन् । सामाजिक सञ्जाल, अनलाइन र विभिन्न सञ्चारमाध्यमहरूबाट हिजैदेखि दल, नेता र मन्त्रीहरूले यसमा आफ्नो दाबीसहितको समाचारहरू राख्न शुरू गरेका हुन् ।

पछिल्लो समय २०८१/४/३० मा यो विषयलाई लिएर राष्ट्रिय मुक्ति क्रान्ति पार्टीका केन्द्रीय सदस्य नेजामुद्दीन समानीले पोखरिया अस्पताललाई प्रादेशिक अस्पतालको मान्यता प्रदान गर्नुपर्छ भनेर ११ दिने रिले अनशन गरेका थिए । उनलाई सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्री राजकुमार गुप्ता र प्रदेशका खेलकूदमन्त्री प्रमोद जायसवालले एक महीनाभित्र पोखरिया अस्पताल प्रादेशिक अस्पताल घोषणा गर्ने आश्वासनसहित जुस खुवाएर रिले अनशन तोड्न लगाएका थिए ।

प्रादेशिक अस्पताल घोषणा हुन राम्रो काम भएको छ । योसँगै अस्पतालमा आवश्यक ५० शय्याको लागि चिकित्सक, स्वास्थ्यकर्मी, यन्त्रहरूलगायतका विषयमा गम्भीर हुन छाडेर घोषणाको यश लिने कार्यमा नेताहरू आतुर देखिएका छन् । यसो त पोखरियामा सरकारी कार्यालयका सेवाहरू सञ्चालन गर्ने विषय पनि लामो समयदेखि पर्खाइमा छ । भूमिसुधार तथा मालपोत, मेन्टेनेन्स नापी, जिल्ला प्रशासन कार्यालयलगायत सरकारी कार्यालयहरूका सेवा केन्द्रहरू पोखरियामा हुनुपर्ने माग सम्बन्धमा पनि केन्द्रदेखि प्रदेशसम्मको सरकारमा कैयनपटक डेलिगेशन जाने कार्य भइसकेको छ ।

अहिले प्रदेशमा दुई र केन्द्रमा पर्साबाट तीनजना मन्त्री छन् । उनीहरूको अवधि पनि सय दिन बितिसकेको छ तर पनि यो विषयको समाधान भने हुन सकेको छैन ।

## वास्तु संरचना पत्ता लगाउन तलुजाभवानी क्षेत्रमा उत्खनन शुरू

प्रस, सिम्रौनगढ, ७ मङ्सिर/

प्रसिद्ध ऐतिहासिक, पर्यटकीय एवं धार्मिकस्थल बाराको सिम्रौनगढ–४



हरिहरपुरको पलकियामाई ऐतिहासिक बाकस भन्ने तलुजाभवानी क्षेत्रमा शुक्रवारदेखि उत्खनन कार्य शुरू भएको छ ।

नेपाल सरकार पुरातत्त्व विभाग काठमाडौंबाट आएको टोलीले आजदेखि उत्खनन कार्य शुरू गरेको हो । पुरातत्त्व अधिकृत हरिप्रसाद भुसालले उत्खनन कार्य आजदेखि शुरू भएको र २१ दिनसम्म चल्ने बताए । उनले तलुजाभवानी क्षेत्रका दुई ठाउँमा उत्खनन गर्ने योजना रहेको बताए ।

अधिकृत भुसालले पलकियामाई परिसरभित्रको मड आकृतिको उच्च भागमा जमीनको सतहमा थुप्रै पुराना ईंटाका टुक्राहरू, भाँडाकुँडाहरू, प्रश्तर वास्तु अंशहरू सतहमा पाइएको हुँदा र जिओ फिजिक्स सर्भेले पनि सो स्थानलाई महत्त्वपूर्ण साइटको घोषणा गरेकोले जमीनमुनि कस्तो प्रकारको वास्तु संरचना हुन सक्छ, सोको पहिचानको लागि उत्खनन कार्य भइरहेको बताए ।

पुरातत्त्व विभाग काठमाडौंका पुरातत्त्व अधिकृत भास्कर ज्ञवालीको नेतृत्वमा चारजनाको टोली उत्खननका लागि हिजो सिम्रौनगढ आएका र आजदेखि काम शुरू गरेका छन् । यो टोलीमा पुरातत्त्व विज्ञ देवेन्द्रनाथ तिवारी, पुरातत्त्व अधिकृत भुसाल र छविकार नर्मदा श्रेष्ठ छन् ।

उत्खनन टोलीले हिजो लेआउट तयार गरेको थियो भने आजदेखि ६ बाई ४ फिटको डेल्चमा उत्खनन कार्य शुरू गरेको छ ।

## ९२ किलो गाँजासहित चारजना पक्राउ

प्रस, वीरगंज, ७ मङ्सिर/

जिल्ला प्रहरी कार्यालय, पर्साले हिजो र आज गरी दुई दिनमा ९२ किलो गाँजासहित चारजनालाई पक्राउ गरेको छ ।

ना.४ख ९२५८ नम्बरको मिनीट्रकका चालक ३६ वर्षीय शान्तबहादुर तिमिल्सिना, मिनीट्रकमा सवार ४८ वर्षीय प्रेम रूम्बा र ३८ वर्षीय सूर्यबहादुर मोक्तानलाई गाँजा बरामदपछि शुक्रवार पक्राउ गरेको पर्सा प्रहरीका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक किशोर लम्सालले बताए ।

उनले सूचनाको आधारमा वडा प्रहरी कार्यालय बिर्ता, लागूऔषध नियन्त्रण ब्यूरो पर्सा र प्रहरी चौकी इनर्वाको संयुक्त टोलीले आज बिहान साढे तीन बजे वीरगंज महानगरपालिका–१६ बाइपास सडकमा कन्टेनर लोड गरिएको मिनीट्रक चेकजाँच गर्दा सोबाट ८५ किलो गाँजा

(बाँकी अन्तिम पातामा)

## विचारसार र सूक्तिहरू

**संसारलाई जित्ने चाहनाभन्दा आफूलाई जीत ।**

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आरके पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com

# विषयगत शिक्षक अभाव

**शिक्षा देश विकासको मेरुदण्ड हो । शिक्षाको गुणस्तर सुधार गर्ने मुख्य जिम्मेवारी संविधानतः राज्यका तीनवटै तहले लिएका छन् । तब पनि सामुदायिक विद्यालयहरूमा विषयगत शिक्षक अभावको समस्या निरन्तर बढ्दै गएको छ। विषयगत शिक्षकको अभावमा विद्यार्थीको भविष्य अन्योलमा परेको छ । प्रचलित शिक्षा प्रणाली अनुसार विषयगत शिक्षकको व्यवस्थापन सङ्घीय सरकारको दायित्व हो। सङ्घले मुलुकको आवश्यकता अनुसार दरबन्दी सिर्जना गर्ने, रिक्त दरबन्दी पूरा गर्ने तथा शिक्षक दरबन्दी पठाउने गर्छ। तर सङ्घको जिम्मेवारीमा रहेको उक्त प्रक्रिया सुस्त छ । प्रादेशिक सरकारले 'शिक्षण अनुदान'का नाममा केही शिक्षक दरबन्दी पालिकामा पठाउने गर्छ। यति हुँदाहुँदै पनि विद्यालयमा शिक्षक दरबन्दी पर्याप्त छैन ।**

**केही दिन अघि वीरगंजको नगवास्थित एक विद्यालयका विद्यार्थीहरूले विषयगत शिक्षकको माग गर्दै आन्दोलन गरेका थिए। अन्ततः विद्यालयले आफ्नै स्रोतबाट शिक्षकको व्यवस्था गरी समस्या समाधान गरेको छ । अहिले कालिकामाईको जनता माविका विद्यार्थीहरूले पनि यही माग राखेर आन्दोलन गरेका छन्। शैक्षिक सत्र शुरू भएको सात महीना बितिसक्दा पनि मावि तहका विद्यार्थीले मुख्य विषयहरूका शिक्षक पाएका छैनन् । यसको अर्थ मुख्य विषयहरू विद्यार्थीले अध्ययन गर्नै पाएका छैनन् । समस्या अन्यत्र पनि व्याप्त छ । विषयगत शिक्षक अभावले विद्यार्थीको शैक्षिक गुणस्तरमा ठूलो असर परेको छ। खासगरी ग्रामीण तथा दुर्गम क्षेत्रका विद्यालयमा यो समस्या बढी छ। विज्ञान, गणित, अङ्ग्रेजी, सामाजिक जस्ता विषयमा शिक्षक नहुँदा विद्यार्थी अध्ययनबाट वञ्चित हुनुका साथै बोर्ड परीक्षामा अनुत्तीर्ण हुने, ग्रेड कम आउने दर उच्च छ। मुलुकको भविष्यका कर्णधार बालबालिकाप्रतिको गैरजिम्मेवार तथा लापरवाही माफी लायक छैन । किनभने बालबालिकाको भविष्यमाथि खेलवाड गरिएपछि त्यसको सोधभर्ना, भूलसुधार वा क्षतिपूर्ति हुन सक्दैन । राज्यको शिक्षाप्रतिको संवेदनशीलता र जवाफदेहिता अभावका कारण विद्यार्थी र अभिभावकमा ठूलो निराशा छ। मुख्यतः शिक्षाबारे सङ्घ, प्रदेश र स्थानीय सरकारबीचको जिम्मेवारी बाँडफाँड स्पष्ट नहुँदा यो समस्या आएको हो। अर्को भने संविधान एकातर्फ र व्यवहार अर्कोतर्फ छ। संविधानको भावनाअनुरूप सङ्घीय शिक्षा ऐन तथा नियमावली बन्न सकेको छैन। सङ्घीय सरकारले शिक्षक पठाउन ढिलाइ गरे पनि प्रदेश र स्थानीय तहले सीमित स्रोतसाधनका कारण यसलाई पूर्णता दिन सकेका छैनन् ।**

**मुलुकमा शिक्षक उत्पादन गर्ने संस्थाहरू पर्याप्त छैनन्। विशेषगरी विज्ञान र गणित जस्ता विषयमा शिक्षक उत्पादनमा राज्यले ध्यान नदिंदा शिक्षकको अभाव छ। शहरी क्षेत्रभन्दा बाहिर वा दुर्गम क्षेत्रमा पढाउन इच्छुक शिक्षक बनाउने कुनै आकर्षक योजना छैन। दूरी, भत्ता र अन्य प्रोत्साहन योजना प्रभावकारी नहुँदा शिक्षकहरू अलिकति पनि अप्ठ्यारो क्षेत्रमा जान हिचकिचाउँछन्, सकभर जान चाहँदैनन्। शिक्षक भर्तीमा राजनीतिक हस्तक्षेप हुने भएकोले योग्यता र क्षमताभन्दा पहुँचलाई प्राथमिकता दिइन्छ। समस्या न्यूनीकरणतर्फ लाग्ने नै हो भने तीन तहको सरकारबीच शिक्षा सम्बन्धमा स्पष्ट जिम्मेवारी र समन्वय हुनुपर्छ। सङ्घीय सरकारले राष्ट्रिय आवश्यकता अनुसारको दरबन्दी समयमा पठाउनुपर्छ। प्रदेश सरकारले प्रदेशको आवश्यकता अनुसार शिक्षक अनुदानको व्यवस्था गर्नुपर्छ। यसलाई स्थानीय [redacted]न्दी मिलान गर्नुपर्छ ।**

# वामपन्थी नेताहरूको विलासितापूर्ण जीवन

स्वतन्त्र विचार



श्रीमन्नारायण
an_shriman@yahoo.com

**आवश्यकता परेको बेलामा आफूलाई वामपन्थी कित्तामा उभ्याउने र अमेरिका तथा पश्चिमाहरू सामु आफूलाई लोकतन्त्रवादी कित्तामा उभ्याउँदै आएका छन् । यिनीहरू निकै कमजोर सैद्धान्तिक र वैचारिक धरातलमा उभिएका छन् ।**

नेपालका वामपन्थी दलका नेताहरू आफूलाई जतिसुकै मार्क्स, लेनिन र माओका अनुयायी बताए पनि यथार्थमा यिनीहरू पद, सत्ता र सुखसुविधाका लोभीहरू हुन् । यिनका खाने दाँत र देखाउने दाँत फरकफरक छन् । व्यवहारमा यिनीहरूले सामन्ती र निरङ्कुश व्यवहारको अनुसरण गरिसकेका छन्। सत्ताविना बाँच्न नसक्ने रोगबाट ग्रसित नेपालका वामपन्थीहरू सत्तामा पुगेपछि त झन् विलासी जीवनशैलीको आनन्द लिइरहेका छन् । अन्य दलका नेताहरू लोकतन्त्रवादी कित्ताका नेताहरूलाई दलाल पूँजीवादको समर्थक बताउने नेपाली वामपन्थीहरू स्वयम् पनि अर्धलोकतन्त्र र अर्धवामपन्थको चरित्र बोकी हिंडेका छन्। आवश्यकता परेको बेलामा आफूलाई वामपन्थी कित्तामा उभ्याउने र अमेरिका तथा पश्चिमाहरू सामु आफूलाई लोकतन्त्रवादी कित्तामा उभ्याउँदै आएका छन्। यिनीहरू निकै कमजोर सैद्धान्तिक र वैचारिक धरातलमा उभिएका छन् । नेपालको वामपन्थी दलका शीर्ष नेताहरूको विलासितापूर्ण जीवनशैलीलाई हेरेर यिनका समर्थकहरू पनि आफू कम्युनिस्ट भएकोमा सङ्कोच गरिरहेका छन् ।

नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड शान्तिपूर्ण राजनीतिमा आएपछि यिनको जीवनशैली नेपाल र नेपालबाहिर पनि चर्चाको विषय बनेको थियो। खासगरी पुष्पकमल दाहाल प्रचण्डले महँगो नाडी घडी लगाएर निकै महँगो ओछ्यानमा सुतेको विषयले चर्चा पाएको थियो। एउटा अन्तर्वार्तामा उनले बहुसङ्ख्यक नेपाली जनताले दुई छाक खानाको प्रबन्ध गर्न नसक्ने देशमा आफूले मांसाहारी खाजा र शाकाहारी खाना रुचाउने गरेको बताएका थिए । नयाँ नेपाल बनाउने, देशका आदिवासी जनजाति, महिला, दलित, गरीब र उपेक्षित वर्गका समस्याको समाधान गर्ने, तिनका जीवनस्तरमा सुधार ल्याउने र सबैलाई अधिकारको प्रत्याभूति दिएर एक दशकसम्म सशस्त्र सङ्घर्ष गर्न उद्वेलित गरेका माओवादी केन्द्रका अध्यक्ष प्रचण्डले पटकपटक प्रधानमन्त्री बनिसक्दा पनि समस्या ज्यूँका त्यूँ नै छन्। देशमा रोजगार नपाउँदा करीब १० लाख नेपाली युवा विदेशमा गएर जोखिमपूर्ण कामहरू गरिरहेका छन्। के देशमा युवाले यिनै परिस्थितिको सामना गर्न एक दशकसम्म हतियार उठाइ जङ्गल प्रवेश गरेका थिए त ? सयकडौं नेपाली कम्युनिस्ट करोडपति र अर्बपति बनिसकेका छन्। नेकपा एमालेका अध्यक्ष तथा प्रधानमन्त्री केपी शर्मा ओलीले अहिले तीन करोड रुपैयाँको घडी र महँगो ब्रान्डेड जुत्ता लगाएको विषय निकै चर्चामा छ । ओलीको जीवनशैली कम्युनिस्टहरूको जस्तो सरल छैन । व्यक्तिगतरूपमा प्रधानमन्त्री ओलीले भ्रष्टाचारविरुद्ध ठूलाठूला व्याख्यान दिए पनि उनको पार्टी अप्रत्यक्षरूपमा भ्रष्टाचारमा संलग्न छ। नेकपा एमालेमा पनि भ्रष्टाचारीहरू निकै सङ्ख्यामा रहेको आरोपको जवाफमा उनले ती भ्रष्ट नेताहरूको अनुहार आफूले कहिल्यै नहेरेको जवाफ दिएका थिए। पार्टीका नेता तथा कार्यकर्ताहरूमाथि लाग्ने गरेका कुनै पनि किसिमका आरोपको जोडदाररूपमा बचाउ गर्दै आएका छन्। कटाक्षपूर्ण आरोप लगाएर विपक्षीहरूलाई चुप लगाउने तर आफूमाथि लागेको आरोपको कठोर प्रतिकार गर्ने कलामा उनी माहिर छन्। तर भनिन्छ अत्यक्षलाई प्रमाणको आवश्यकता पर्दैन। यस्तै एउटा घटनामा नेकपा एमाले आलोचित भइरहेको छ।

ललिता निवासको सरकारी जग्गा नक्कली कागजपत्र बनाएर कब्जा गरेको अभियोगमा भाटभटेनी सुपरमार्केटका सञ्चालक मीनबहादुर गुरुङलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अनुसन्धान गरिरहेको छ । उनले केही महीना न्यायिक हिरासतमा पनि बिताएका थिए । सोही व्यक्तिले नेकपा एमालेको पार्टी कार्यालय निर्माणका लागि करीब ११ रोपनी जग्गा दान गरेका थिए। जग्गा मात्र होइन, गुरुङले आफ्नो खर्चमा एमालेका लागि अत्याधुनिक सुविधासम्पन्न भवन पनि निर्माण गर्दै छन् र एक वर्षमा पार्टीलाई हस्तान्तरण गरिने विषय पनि चर्चामा आएको छ। कीर्तिपुरको भीमनगरमा एमालेको पार्टी कार्यालयको शिलान्यास गरिएको छ। गुरुङले दान गरेको जग्गाको अनुमानित मूल्य प्रतिआना ४० लाख रुपैयाँ रहेको छ । कुनै पनि व्यापारीले कुनै स्वार्थविना कसैलाई यत्रो ठूलो दान दिन सक्दैन। त्यसमा पनि किर्ते गरेर ललिता निवासको जग्गा कब्जा गर्ने व्यक्ति रातारात वाल्मीकि बन्ने विश्वास गर्न सकिंदैन । गुरुङ पनि व्यवसायी हुन् र विनानाफा उनले एक सुका पनि खर्च गर्न सक्दैनन् । उनले विना खुलासा सम्झौता एमालेलाई पक्कै चन्दा दिएनन्। बालुवाटारस्थित ललिता निवासको सरकारी सम्पत्ति जफत गर्न अदालतले आदेश दिएको छ ।

भनिन्छ, गुरुङले अहिले पनि ललिता निवासमा भएको निर्माणलाई भाटभटेनी सुपरमार्केटको भण्डारको रूपमा प्रयोग गर्दै आएका छन् । एक विवादास्पद र राज्यद्वारा आरोपी व्यापारीको दान दातव्यमा सत्ताधारी पार्टीको कार्यालय निर्माण हुनु र त्यसको शिलान्यास स्वयम् प्रधानमन्त्रीको करकमलबाट हुनु दुर्भाग्यपूर्ण हो। नेकपा एमालेले यसको जतिसुकै बचाउ गरे पनि यसको बचाउ हुन सक्दैन। गुरुङले विना कुनै स्वार्थ प्रधानमन्त्रीको पार्टीलाई यति ठूलो सहयोग किन गर्ने ?

नेकपा एमालेको शब्दकोष, व्याकरण र भाषा बेग्लै किसिमको हुने गर्छ । आजभन्दा दुई/तीन दशक अघि लाउडा एयरको विमान प्रकरणमा तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको राजीनामा माग गर्दै सडकमा आएको एमालेले चाइना साउथ वेस्ट प्रकरणमा आफ्नो पार्टीका नेता भीम रावलको नाम आउँदा सार्वजनिक लेखा समितिको ठहरलाई समेत झूटो ठहऱ्याइ पार्टीको पोलिट ब्युरोले दिएको सफाइलाई नै अन्तिम सत्य मान्यो । जबकि संसद्को सार्वजनिक लेखा समितिका सभापति पनि नेकपा एमालेका नेता सुवासचन्द्र नेम्वाङ थिए। जो अहिले दिवङ्गत भइसकेका छन्। हाल यताका केही वर्षहरूमा पनि यति, गिरिबन्धु टी इस्टेट, ओम्नी, ललिता निवास, भुटानी शरणार्थी प्रकरण, सेक्युरिटी प्रिन्टिङ प्रेस आदि भ्रष्टाचार र अनियमितताहरूमा एमालेका नेताको नाम पनि प्रमुखताका साथ आएको छ तर एमालेले कहिलै आफ्नो गलती मानेको छैन । अहिले पनि आफ्ना नेताहरूको बचाउ गर्दै आएको छ ।

हालका दिनमा नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डमाथि पनि अयोग्य लडाकूहरूका लागि निकासा गरिएको रकममा भ्रष्टाचार गरेको आरोप लागेको छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उनीविरुद्ध मुद्दा दर्ता भएको छ । मार्क्सवाद, लेनिनवाद र माओवादका कुरा गर्ने नेपालका वामपन्थी नेताहरूले आर्थिक उदारवाद र निजीकरणको नीतिलाई आत्मसात् गरिरहेका छन्। शिक्षा, स्वास्थ्य र बैंकलाई निजीकरण गरेका छन्। पार्टीमा ठेकेदार, तस्कर, अपराधी, सामन्त र शोषकलाई नेता बनाउने अभियानले महत्त्व पाएको छ। यस्तोमा केको सर्वहारा, मजदुर र गरीब ? यिनका समर्थकहरू केवल रातो कपडामा हसिया हतौडाको फोटोलाई नै कम्युनिस्ट भएको ठान्छन् भने नेपाली अनुयायीहरूप्रति केवल दयाभाव मात्र देखाउन सकिन्छ ।

# बगेर खेर गइरहेछ भोटको नुन

सन्तोष गौतम

म्याग्दी, ७ मङ्सिर/रासस

मुस्ताङको वारागुङ मुक्तिक्षेत्र गाउँपालिका–३ तेताङका ७३ वर्षीय थर्चेन गुरुङले ३० वर्ष अघिसम्म नर्साङखोला किनारमा रहेको खानीको नुन आफूले उपभोग र गाईवस्तुलाई खुवाउने गर्थे।

"मुस्ताङमात्र नभएर यो खानीको नुन म्याग्दी, पर्वत, बागलुङमा भोटको नुनले परिचित थियो"–उनी भन्छन्–"आयोडिन मिसाएको नुन आउन थालेपछि हाम्रो खानीको नुन नर्साङखोलामा बगेर खेर गइरहेको छ।"

वारागुङ मुक्तिक्षेत्र गाउँपालिका–३ मा पर्ने नुनखानी उपभोग हुन सकेको छैन। कुनै समय 'भोटको नुन'का रूपमा चिनिने यहाँको खानी बेवारिसे बनेको छ। तेताङगाउँबाट नर्साङ खोलैखोला करीब एक घण्टा पैदलयात्रा गरेपछि नुनखानी पुगिन्छ। अग्ला पहाडको फेदीमा नुनिलो पानी निस्कने चारवटा मुहान छन् । प्रयोग हुन नसक्दा मुहानबाट निस्कने नुनिलो पानी नर्साङखोलामा बगेर खेर गइरहेको वारागुङ मुक्तिक्षेत्र गाउँपालिका–३ का वडासदस्य तथा तेताङका बासिन्दा धवा गुरुङ बताउँछन्।

गुरुङका अनुसार आयातित नुनको सहज उपलब्धतासँगै यहाँको खानी तीन दशकयता उत्खनन भएको छैन। "पहिले तेताङका बासिन्दा तीन महीनासम्म खानीमै बसेर वर्षमा ६०–७० मुरी नुन निकाल्ने गर्दथे"–उनी भन्छन्–"अहिले नुन निकाल्ने मान्छे पनि छैनन् । बाटो नभएकाले त्यहाँ पुग्न पनि गाह्रो छ।"

पहिले खाली जमीनमा सुकाइने नुनिलो पानी पछिल्लो समय त्रिपाल र प्लास्टिकमाथि जम्मा गर्न थालिएको थियो। उत्खनन हुन छाडेपछि नाउर, झारल, घोरललगायत वन्यजन्तु नुन खानका लागि खानीमा आउने गर्छन् । नुनखानी हेर्न जानेहरू वरपर जङ्गली जनावर देखिने बताउँछन्। घुम्न गएका पर्यटकले नुनिलो पानीलाई बोतलमा हालेर प्रसादका रूपमा घरमा लैजाने गर्छन् ।

बर्खामा नर्साङखोलामा बाढी आउने र हिउँदमा हिउँ पर्ने भएकोले वैशाख, जेठ र असारमा खानीमैं बसेर नुन निकाल्ने गरेको तेताङका बूढापाका बताउँछन्। राणा शासनकालमा थासाङ गाउँपालिका–१ टुकुचेका तत्कालीन सुब्बा शङ्करमान शेरचनलाई नुन उत्खननको जिम्मा दिइएको थियो ।

शेरचन र उनका सन्तानहरू बसाइँ सरेर काठमाडौं गएपछि खानी उत्खनन हुन छाडेको हो । म्याग्दी, बागलुङ र पर्वतका बासिन्दा हप्तौं पैदलयात्रा गरेर मुस्ताङमा नुन लिन जाने गर्दथे । "मुस्ताङमा धानखेती नहुने भएकोले हामीले यताबाट चामल बोकेर लैजाथ्यौं र एक पाथी चामलको एक पाथी नुन लिएर आउथ्यौं"–७० वर्षीय पौडेलले भने–"पछि पुतलीखेतमा गाडी आएपछि नुन ल्याउन मुस्ताङ जान छाडियो। अहिले त आयोडिनयुक्त नुन गाडीले गाउँगाउँमैं ल्याउँछ ।"

गाउँघरमा बूढापाकाहरूले भोटको नुन ल्याउन थाकखोला जाँदाको अनुभव सुनाउने गर्छन् । भोटको नुन अहिले एकादेशको कथामा सीमित भएको छ। जोमसोमबाट तल पर्ने थकाली समुदायको बसोवास भएको बस्तीलाई थाकखोला भन्ने गरिन्छ। नुनको माग रहेको बेला तेताङका धेरैले रोजगार पाएका थिए। रोजगारसँगै पैसा तिरेर महँगोमा नुन खान नपरे हुने स्थानीयवासीको माग छ।

विसं २०७७ मा खानी तथा भूगर्भ विभागका प्राविधिक इन्जिनीयरसहितको टोलीले यस क्षेत्रमा स्थलगतरूपमा नुन खानीको अध्ययन गरेको थियो। टोलीले यो खानीको नुनमा ७०.२८ प्रतिशतदेखि ९३.७ प्रतिशतसम्म सोडियम क्लोराइड रहेको र यहाँको नुन खान योग्य भएको पुष्टि गरेको थियो।

जोमसोमदेखि ३० किलोमिटर टाढा छुसाङको तेताङ नजीकैको नर्साङखोला आसपासको दुई किलोमिटर क्षेत्रफलमा नुनको भण्डार रहेको विभागको अध्ययन प्रतिवेदनमा उल्लेख छ। तत्कालीन उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री सोमप्रसाद पाण्डे आफैं नुनखानीको अनुगमन गर्न आएका थिए।

पूर्वप्रतिनिधिसभा सदस्य प्रेमप्रसाद तुलाचनका अनुसार मुस्ताङको नुनलाई 'हिमालयन साल्ट'का रूपमा ब्रान्डिङ गरेर बिक्री गर्ने लक्ष्यसहित २०७७ सालमा खानी तथा भूगर्भ विभागले नुनखानी उत्खननका लागि प्रस्ताव आह्वान गरेको थियो । विभागका अनुसार नुनखानी उत्खनन गर्न कुनै पनि कम्पनीले प्रस्ताव गरेन। निजी क्षेत्रले चासो नदेखाएपछि



नुनखानी उत्खननको विषय ओझेल परेको वारागुङ मुक्तिक्षेत्र गाउँपालिका–३ का वडाध्यक्ष विनोद गुरुङले बताए ।

"भूगोल हाम्रो भएपनि खानी उत्खनन गर्ने सामर्थ्य र अधिकार गाउँपालिकालाई छैन"–उनले भने–"खानीलाई संरक्षण गरेर पर्यटकीयस्थल बनाउन सकिन्छ। त्यसका लागि बाटोको समस्या छ ।" सडकमार्गको पहुँच र नुनखानी रहेको पहाडबाट बग्ने नुनिलो पानीलाई पाइप लाइनमार्फत सहज ठाउँमा ल्याएर

(बाँकी पाँचौं पातामा)


सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४४८

# संयात्राको संयोग : सामान्य समीक्षा

**१. विषय प्रवेश**

नेपाली साहित्यमा नियात्रा विधा वर्तमानमा निकै सशक्त भएर आएको छ। यात्राको जीवन्त अनुभूति गराउन सक्ने सामर्थ्य भएको नियात्राले यात्रा गर्न पनि प्रेरित गर्छ। देशाटन गर्ने तथा प्राप्त अनुभूति र अनुभवलाई समेटेर यात्रावर्णनकै शैलीमा निबन्ध लेखिने भएकोले यसले पाठकलाई आकर्षित गर्छ।

नेपाली साहित्यमा नियात्रा विधा निकै पुरानो छ। यही विधालाई आफ्नो परिचयसित जोडिएर पहिचान बनाउनेमा एक हुन्, रमेशमोहन अधिकारी।



अधिकारीको हालै एउटा नियात्रा सङ्ग्रह प्रकाशित भएको छ– संयात्राको संयोग।

**२. परिचय**

रमेशमोहन अधिकारीको जन्म रौतहटमा भएको हो। नेपाली साहित्यमा स्नातकोत्तर अधिकारी अध्यापन मूल पेशाबाट निवृत्त भएर पनि पूर्णतः अलग भइसकेका छैनन्। अधिकारीले ५० को दशकदेखि साहित्यमा आफ्नो पहिचान बनाउन थालेका हुन्। साहित्यिक संस्थाको स्थापना, पत्रिका प्रकाशन र सम्पादन, पुरस्कारको स्थापनाजस्ता प्रोत्साहनमूलक सबै क्षेत्रमा कम्तीमा तीन दशकदेखि सक्रियताको पर्याय बनेका अधिकारीको मूल कर्मथलो र बासस्थान मकवानपुर रहँदै आएको छ।

दर्जनौं पुरस्कार तथा सम्मानबाट सम्मानित भएका अधिकारीको 'सम्झनाको सेरोफेरो' संस्मरण तथा नियात्रा सङ्ग्रह (२०६३), 'घुम्तीहरू छेलिएपछि' संस्मरण तथा नियात्रा सङ्ग्रह (२०७४), 'गुराँस र युद्ध' कविता सङ्ग्रह (२०७५) तथा 'आफैंसँग' संस्मरण तथा नियात्रा सङ्ग्रह (२०७८) प्रकाशित साहित्यिक कृतिहरू हुन्। प्रस्तुत 'संयात्राको संयोग' (२०८१, असार) अधिकारीको पाँचौं साहित्यिक कृति तथा प्रथम पूर्णतः नियात्रा सङ्ग्रह हो।


बुलबुल प्रकाशन प्रालि, काठमाडौंले प्रकाशन गरेको प्रस्तुत कृतिमा विभिन्न २८ नियात्रा सङ्कलित छन्।

**३. संयात्राको संयोग**

अधिकारीको 'संयात्राको संयोग' पूर्णतः नियात्राको पहिलो कृति हो। शिक्षकबाट सेवानिवृत्त भएपछि अधिकारी निरन्तर यात्रामा निस्केका छन् र तिनै यात्राका विषयवस्तुलाई साहित्यको आकार दिएका छन्। यही आकारको ज्वलन्त दृष्टान्त यो कृति बन्न पुगेको छ। यही भ्रमणलाई आधार बनाएर कृतिलाई पाँच खण्डमा विभाजन गरिएको छ।

पहिलो खण्ड 'हिमाल हेर्दै हिमालतिर' रहेको छ। यस खण्डको पहिलो नियात्रा 'हिमाल हेर्दै मुक्तिनाथतिर', दोस्रो नियात्रा 'सिमसिम पानीमा श्राद्ध', तेस्रो नियात्रा 'स्याउ छुटेको थकथक', चौथो नियात्रा 'फेरि मुक्तिनाथ' र पाँचौं नियात्रा 'जोमसोमदेखि पर्वतसम्म' रहेका छन्।

कृतिको दोस्रो खण्ड रहेको छ– एक फन्को पूर्व। 'किम्बुको स्वाद' शीर्षकबाट शुरू हुन्छ, दोस्रो खण्ड। ' कालिन्चोकमा

स्वान्त सुखायः

सञ्जय मित्र
mitrasanjay41@gmail.com

एक चक्कर' दोस्रो खण्डको दोस्रो नियात्रा हो। यसपछि आएको छ 'पुर्ख्यौली घर खोज्दै कठजोर' नियात्रा। पाँचौं नियात्रा हो– 'ओखलढुङ्गाबाट ओखलढुङ्गै'। सबैभन्दा बढी शीर्षक समेटेको यस खण्डको अर्को नियात्रा 'गुफा घुम्दै हलेसीबाट इटहरी' रहेको छ। 'लालबाबू पान खान्छ' शीर्षकमा यस खण्डको छैटौं नियात्रा रहेको छ। अनि आउँछ, 'उदपुरको घिडघिडो'। दोस्रो खण्डको अन्तिम नियात्रा हो, 'बन्दीपुरका बिरामी जोगी'।

'सरसर्ती सुदूर' तेस्रो खण्ड हो, कृतिको। यसमा पहिलो नियात्रा रहेको छ, 'प्रियालाई नभेटी छाडियो कैलाली'। 'टनकपुरमा मन कुँड्याउँदै डडेलधुरा', दोस्रो नियात्रा हो। तेस्रो खण्डको तेस्रो नियात्रा 'दार्चुलामा एक रात', चौथो नियात्रा 'साँधमा बास र पाँचौ नियात्रा 'हुस्सु छिचोल्दै कर्णाली पुल' रहेका छन्। 'पश्चिमतिर पाइला' उपशीर्षक चौथो खण्डमा सात नियात्रा रहेका छन्– 'साथी खोज्दा', 'तिलौराकोटतिर', 'सहकारीसँग स्वर्गद्वारी', 'लुम्बिनीतिर पाइला', 'कपिलवस्तुका केही कुरा', 'स्याङ्जादेखि रानीमहलसम्म' र 'रिडीको रौनक र पाल्पाको टोपी'।

कृतिको अन्तिम खण्ड हो, 'छिरलिएका सम्झना' अन्तर्गत 'सौराहामा रमाउँदै देवघाट', 'छङ्गु लेकमा पहिलो लेक' तथा 'झरनाको यात्रा : झरनामा' रहेका छन्। नियात्राकारले 'आफ्नो भनाइ' कृतिको अन्तिम पाठको रूपमा प्रस्तुत गरेका छन्। यसरी पाँच खण्डमा विभाजित 'संयात्राको संयोग'भित्र २८ वटा नियात्रा सङ्ग्रहित छन्।

**४. विषयवस्तु**

'संयात्राको संयोग' रमेशमोहन अधिकारीको प्रवृत्तिसित मिल्दो कृति हो। घुम्न रुचाउने र लेख्न मन पराउने व्यक्तिमा हुनुपर्ने यायावरीयपनको विम्ब हो, यो कृति। अधिकारीका पहिलेका संस्मरण र नियात्राजस्तै यो पनि सरल प्रवाहमा बग्ने कृति बन्न पुगेको छ।

पहिलो खण्डमा परेका पाँच नियात्रामा क्रमबद्धता र अन्तरसम्बन्ध पाइन्छ। नियात्राहरू पूर्णतः अलग होइनन्।

मुक्तिनाथतिर बढेका पाइला जोमसोममा रोकिन्छ। पृथक अनुभूतिसहित दोस्रो नियात्राले मुक्तिनाथ दर्शन गराउँछ। तेस्रो नियात्रामा उत्सुकताको अवतरण हार्दिक र आत्मीय छ, पोखरामा। दोस्रोपटकको मुक्तिनाथ यात्रा पहिलेभन्दा धेरै मानेमा फरक छ। यस खण्डको अन्तिममा जोमसोमभन्दा पर्वतले बढी माया पाएको देखिन्छ।

सिन्धुलीमा उमानाथ शास्त्री प्रतिष्ठान र भोको पेटमा किम्बुले दिएको आनन्दको स्वाभाविक वर्णन छ। अन्य मन्दिरको भन्दा कालिन्चोकमा भोगेको पृथक यथार्थ पाठकलाई रोचक लाग्छ। कठजोरको वर्णन यस कृतिको जीवन्त रचना हो, बहुमूल्य सम्पत्ति हो। ओखलढुङ्गालाई चिनाउन सक्ने सामर्थ्य र साहित्यिक भावले ओतप्रोत नियात्रा रोचक छ। इटहरीसम्म पुगेको भनिएको नियात्राले पनि धेरै कुराको जानकारी दिएको छ। लालबाबूप्रति समर्पित रचनाले मित्रताको धेरै पक्षलाई यात्रासँगै समेटेको छ। उदयपुरबाट फर्किनुपर्दाको सास्तीलाई र त्यस अघिको हार्दिकतामा पाठकले पनि सामञ्जस्य मिलाउन सजिलो हुँदैन। बन्दीपुरको नियात्रा निकै जानकारीमूलक र वर्णनात्मक छ।

सुदूरतिर जाँदा श्रेष्ठ प्रिया पत्थरलाई समय मिलाएर पनि भेट्न नपाएको पीडाबोध छ। टनकपुरमा मन कुँडिएको छ र कुँडिनुको कारण पनि चित्रित छ। दार्चुला पुगेपछि अलिकति वीरताबोध हुन्छ। साँधमा बास भनिए पनि यो नियात्रामा देशभक्तिको उच्च भाव पाइन्छ। इतिहासका पुज्य व्यक्तित्वहरूप्रति उच्च सम्मान छ। महँगो गाडी भाडा, यात्राका सास्ती, होटेल अति नै महँगो र कर्णालीपुलको अवलोकन। अनेकानेक भावबोध गराउने अन्तिम नियात्राको यो स्मरणीय छ– गयो डोटी खायो रोटी फर्कंदा, धोती न टोपी।

वर्षौं होइन, दशकौं पुरानो साथीको खोजी आनन्द, जोखिम र उत्सुकताले भरिएको छ। बुद्धकालीन तिलौराकोटको दर्शन र अन्य सम्बद्ध पक्षहरूबारे रोचक जानकारी छ। दुई भ्रमणमध्ये एक रोजेर स्वर्गद्वारी पुगिएको छ। किंवदन्तीले पनि यसमा स्थान पाएको छ। लुम्बिनी तथा कपिलवस्तुका दुई नियात्राले यथोचित जिज्ञासालाई साम्य पार्न र नियात्राकारको भावलाई बुझाउन पर्याप्त सामर्थ्य राख्छन्। रानीमहलप्रति नियात्राकार निकै भावुक भइदिन्छन्। अनि रिडीको रौनकले तानेको तथा पाल्पाको टोपीले सजाएको विषयवस्तु नियात्रामा सज्जिएका छन्।

सौराहामा रमाउँदै देवघाट पुगेको वर्णन सरल छ। गान्तोकभन्दा ४२ किलोमिटर उत्तरपूर्वमा रहेको छङ्गु लेकसम्म पुग्न र त्यहाँबाट फर्किन गरिएका सम्पूर्ण शब्द पूर्णतः सार्थक छन्। नजीकैको यात्रालाई माया गरिएको अन्तिम नियात्रा झरनाको बारेमा छ। झरना र झरनाको यो सान्निध्य सुन्दर छ।

अधिकारीका नियात्राले नै विषय बोलेको हुन्छ। धार्मिक दृष्टिले महत्त्वपूर्ण नेपालका मुख्यतः पहाडी क्षेत्रको भूगोल आएको छ। धार्मिक, सांस्कृतिक र पर्यटकीयस्थलहरूमा समूहमा नियात्राकार पुग्छन्। यस सङ्ग्रहका अधिकांश शीर्षकमा ठाउँको नाम आएको छ। यसर्थ विषयबोधमा खासै जटिलता रहेको छैन। केही निबन्धको शीर्षकले स्थानबोध गराउँदैन तर यसलाई, कम्तीमा यस कृतिभित्रका नियात्रा शीर्षकहरूको आधारमा, अधिकारीको प्रवृत्ति मान्न सकिँदैन।

**५. विशिष्टतार सुझाव**

'संयात्राको संयोग'को मुख्य विशेषता एकै यात्राका विभिन्न नियात्रा हुनु हो। एउटा नियात्रा टुङ्गिनु र अर्को त्यहींबाट शुरू हुने नियात्राहरूले शृङ्खलाबद्धता सिर्जना गरेका छन्। यात्राको क्रममा आउने विभिन्न ठाउँहरूको नाम उल्लेख गर्नुले अरूलाई पनि यात्रा गर्दा सरल बनाइदिएको छ। अनेकानेक व्यक्ति वा पात्रहरूको नाम समावेश गरिएका छन्, यात्रामा भेटिएका र भएका। सरलता यसको अर्को सम्पत्ति हो। सम्भव भएसम्मका जानकारीहरू खाँदिएका छन्।

(बाँकी चौथो पातामा)


# जानकारीको बाढी

उत्तर आधुनिक युगले अहिले सूचना, जानकारी एवं खबरको बाढी ल्याएको छ। अहिले सूचना, जानकारी एवं विचार सम्प्रेषण गर्न पहिलेभन्दा निकै सजिलो भएको छ। कसैको मनमा उत्पन्न भएको विचार उसले एक मिनेटभित्रमा नै संसारभरि फिजाउन सक्छ। फेसबूक, ट्विटर, युटुब, इस्टाग्रामलगायत अन्य विभिन्न सामाजिक सञ्जाल प्रयोग गरेर एक छिनमा नै कुनै पनि सूचना, विचार, जानकारी संसारभरि फिजाउन सकिन्छ। अर्कोतिर समाचार, सूचना आदिको उत्पादन र प्रकाशन पनि पहिलेभन्दा निकै सस्तो र सजिलो भएको छ। कतिपय अवस्थामा अहिले आफ्नो विचार संसारभरि पुऱ्याउन एक पैसा पनि खर्च गर्नु नपर्ने अवस्था छ। निश्शुल्क गर्न सकिन्छ। यो कारणले गर्दा अहिले संसारभरि नै जतातत्तै सूचना, जानकारी, समाचार, विचार आदिको बाढी नै आए जस्तो छ। तर हामीसमक्ष आउने ती सूचना, विचार, जानकारी, समाचार आदि के सत्य हुन्छन्? के ती सूचना, विचार, जानकारी आदिले हामीलाई राम्रो विचार निर्माण गर्न योगदान पुऱ्याउँछन्? ती सूचना, जानकारी, विचार आदि हाम्रो लागि जीवनोपयोगी छन्? के ती जानकारी, सूचना, विचार आदिले हामीलाई सही दिशातर्फ लाग्न उत्प्रेरित गरिरहेका छन्? यो उत्तर आधुनिक युगमा हामीले यी प्रश्नहरूको उत्तर खोज्न आवश्यक छ। यी यक्ष प्रश्नहरूको उत्तर नखोज्ने हो भने हामी गलत विचारहरूको शिकार हुन सक्छौं। आफ्नो अहित अरूद्वारा होइन, आफैंद्वारा गर्न सक्छौं। माथिका प्रश्नहरूको उत्तर दिनुपूर्व आउनुहोस् हाम्रो विचार, सोच आदि कसरी निर्माण हुन्छन्, त्यसबारे चर्चा गरौं। जसरी खाना पकाउनका लागि विभिन्न वस्तुहरूको आवश्यकता पर्छ, त्यसैगरी हामीले कुनै खास किसिमको सोच, विचार एवं धारणा बनाउनका लागि हामीलाई विभिन्न किसिमका सूचना, विचार, जानकारी आदिको आवश्यकता पर्छ। उपलब्ध रहेका सूचना, जानकारी, विचार आदि पढेर, सुनेर वा देखर हामीले कुनै घटना, अवस्था, स्थिति वा विचारप्रति खास किसिमको धारणा बनाउने गर्छौं। अर्थात् हामीलाई खास विचार, धारण, सोच आदि निर्माण गर्नका लागि समाजमा उपलब्ध रहेका सूचना, जानकारी, समाचार आदिले सहयोग पुऱ्याउँछन्। हाम्रो विचार, सोच, दृष्टिकोण एक उत्पादित वस्तु हो भने त्यो वस्तु उत्पादनका लागि प्रयोग हुने कच्चा पदार्थ समाजमा उपलब्ध रहेका सूचना, जानकारी, समाचार आदि हुन्। यसरी हामीले सही, सत्य, उचित सूचना, जानकारी, समाचार आदि पाइरहेका छौं भने हामीले निर्माण गर्ने विचार वा दृष्टिकोण पनि सही हुन्छ तर हामीले प्राप्त गर्ने समाचार, जानकारी, सूचना आदि गलत भएमा हामीले निर्माण गर्ने सोच, विचार आदि पनि गलत हुन पुग्छ। अनि हामी गलत विचारको शिकार हुन पुग्छौं।

उत्तर आधुनिक युगमा उपलब्ध गलत सूचना, विचार, समाचार आदिले हाम्रा विचारहरू प्रदूषित पारिरहेका छन्। अर्थात् यो उत्तर आधुनिक युगमा हाम्रो विचारहरू प्रदूषित भएका छन्। हाम्रो विचार निर्माण प्रकिया नै गलत हुन पुगेको छ।

अहिले बजार वा समाजमा उपलब्ध हुने सूचना, जानकारी, समाचार, हाम्रो सन्दर्भ, मुख्यगरी दक्षिण एशियामा केवल लगभग ५० प्रतिशत जति मात्र सत्य हुन्छन्, बाँकी झूट वा भ्रामक एवं पूर्वाग्राही हुन्छन्। कसरी?

सामाजिक सञ्जालबाट प्रेषित खबर, विचार, जानकारी आदि लोक

निबन्ध

विश्वराज अधिकारी
akoutilya@gmail.com

जानकारीको लागि मात्र हुँदैन, ती व्यापारिक उद्देश्यका साथ आय वा मुनाफा आर्जन गर्नका लागि कोहीद्वारा प्रेषित गरिएका हुन्छन्। केही समाचार वा जानकारी अत्यधिक व्यक्तिले पढेमा, सुनेमा वा हेरेमा त्यो समाचार वा जानकारी प्रेषित गर्ने व्यक्तिले जुन सामाजिक सञ्जालबाट ती कुराहरू सार्वजनिक गरेको हो, त्यस सामाजिक सञ्जालबाट उसले आम्दानी प्राप्त गर्छ।

समाचार वा जानकारी बढीभन्दा बढी व्यक्तिहरूसमक्ष पुगोस् र आफूले बढीभन्दा बढी पैसा पाऊँ भन्ने उद्देश्यका साथ प्रेषित गरिएका खबरहरू लोकहितभन्दा लोक–मनोविज्ञान शोषणका लागि हुन्छन्। अर्थात् त्यस्ता समाचार एवं जानकारी आदिलाई उत्तेजक, आकर्षक, अति प्रिय पारेर प्रेषित गरिएको हुन्छ, जसले गर्दा श्रोता (पाठक, दर्शक, श्रोता)हरू त्यसप्रति सजिलै आकर्षित हुन्छन् र त्यस्ता सूचना, जानकारी आदि अति पढ्छन्, सुन्छन वा हेर्छन्। श्रोताहरूले त्यस्तो गरिदिनाले यता त्यस्ता सूचना, वा जानकारी प्रेषित गर्नेहरूले राम्रो आम्दानी हात पार्छन्।

माथि उल्लेख गरिएका कारणले गर्दा हामीले सत्य, असल वा राम्रो सूचना, जानकारी, विचार, दृष्टिकोण प्राप्त गर्दैनौं। गलत, भ्रामक सूचना, जानकारी आदि प्राप्त गर्छौं। र तिनकै आधारमा एक खास विचार वा दृष्टिकोण निर्माण गर्छौं। यसरी हामी गलत विचार, दृष्टिकोण आदिको निर्माण गर्न पुग्छौं। निष्कर्षमा भन्ने हो भने यो उत्तर आधुनिक युगमा अधिकांश सूचना, जानकारी, विचार, खबर हाम्रो हितका लागि हुँदैनन्। प्रेषक वा प्रकाशकको हितका लागि हुन्छन्। प्रेषकहरूले हाम्रो मनोविज्ञान र वर्तमान स्थितिको अति फाइदा उठाइरहेका छन्।

विभिन्न पत्रपत्रिकाहरूबाट हामीले पाउने समाचारहरूको स्थिति पनि दयनीय छ। पत्रपत्रिकाहरूले पनि आफ्नो सुविधा अनुसार वा आफूलाई फाइदा हुने किसिमका खबरहरू प्रकाशित गर्छन्। खबरहरू त्यस्ता आउँछन्, जुन प्रकाशकलाई हित गर्ने किसिमका हुन्छन्, पाठकहरूलाई हित गर्ने किसिमका हुँदैनन्। सत्य र तथ्य समाचारहरू प्रकाशित नहुने भने होइन, हुन्छन् तर अल्पसङ्ख्यामा।

उत्तर आधुनिक युगलाई हामी आधुनिक युगभन्दा पनि सुधारिएको मानिरहेका छौं तर हाम्रो व्यवहार भने वन युगझैं छ। हामी जङ्गली जीवनतिर लागिरहेका छौं। जङ्गली युगमा जो शक्तिशाली थियो, उसलाई बाँच्न सजिलो भएझैं यो उत्तर आधुनिक युगमा पनि बलियोले मात्र बाँच्न पाउने स्थिति क्रमिकरूपमा विकास हुँदैछ। सूचना, जानकारी, विचार, खबर, जुन अधिकांश असत्य एवं भ्रामक छन्, ले यो संसारमा केवल बलिया व्यक्तिहरू बाँच्न पाउने स्थिति सृजना गरिरहेका छन्।

स्थिति अहिले यस्तो छ कि हाम्रोबारेमा सङ्कलन गरिएका अनेक जानकारीहरू पनि बिक्री गर्ने कार्य भइरहेका छन्। हामीसँग सम्बन्धित जानकारीहरू अनेक संस्थाहरूले अन्य संस्थाहरूलाई बिक्री गरेर लाखौं रुपैयाँ कमाइरहेका छन्। पहिले हाम्रोबारेमा सङ्कलन गरिएका जानकारीहरूको उपयोग मानव कल्याणको लागि हुन्थ्यो, अहिले पनि भने मुनाफाका लागि भइरहेको छ। सामाजिक सञ्जाल सञ्चालन गर्ने अनेक संस्थाहरूले हामीबाट सङ्कलन गरिएका सूचना, जानकारी आदि बिक्री गरेर करोडौं रुपैयाँ कमाइरहेका छन्।

सामाजिक सञ्जालमा प्रेषित हुने अहितकारी सूचना, जानकारी, खबर, मनोरञ्जनका सामग्रीहरू हाम्रो हितमा छैनन् भनी सोच्न पनि हामीसँग समय छैन, चासो पनि छैन। अर्कोतिर हामी सामाजिक सञ्जालको अत्यधिक उपयोग गर्छौं। एक अनुसन्धानका अनुसार अहिले संसारभरि नै (जहाँ इन्टरनेट सेवा उपलब्ध छ) प्रत्येक व्यक्तिले दिनको करीब तीन घण्टा सामाजिक सञ्जालको प्रयोग गरेको देखिएको छ। व्यक्तिहरूमा सामाजिक सञ्जालमा समय बिताउने, अनावश्यक किसिमले कुराकानी गर्ने, अहितकर सामग्रीहरू हेर्ने, सुन्ने, पढ्ने लत बसेको छ। सामान्य व्यक्तिहरूमा यस किसिमको लत लगाएर अनेक संस्थाहरूले राम्रो आम्दानी हात पारिरहेका छन्।

जसरी एक शिशु जो गर्भमा छ, उसले गर्भबाट बाहिर आउन नौ महीना कुर्नुपर्छ, जसरी एक भ्रूणले पूर्ण शिशुको रूप धारण गर्न नौ महीना कुर्नुपर्छ अर्थात् समयका अनेक चरणहरू पार गर्नुपर्छ, त्यसैगरी एक बालकले एक युवकको मनोविज्ञान वा चेतनाको स्तर प्राप्त गर्न अनेक वर्षहरू पार गर्नुपर्छ वा अनेक चरणहरू पार गर्नुपर्छ। एक बालकले समयका विभिन्न चरणहरू पार गरेपछि मात्र एक युवकको झैं चेतना प्राप्त गर्छ। यो एक स्वाभाविक प्रक्रिया हो। तर अहिलेको सूचना, जानकारी, खबर, विचार आदिको बाढीले केवल पाँच/सात वर्षको बालक वा बालिकालाई युवकको जतिको चेतनाको स्तरमा पुऱ्याइदिन्छ। बालबालिकाहरूले अहिले अनियन्त्रित किसिमले सूचना, जानकारी, खबर, विचारहरू आदि प्राप्त गरिरहेका छन्। यी अनियन्त्रित सूचना, जानकारी, खबर, विचार आदिले बालबालिकाहरूलाई कलिलो उमेरमा नै उमेरदार तुल्याइदिइरहेका छन्। केवल वयस्क उमेरमा थाहा पाउनुपर्ने कुराहरू अहिले बालबालिकाहरूले कलिलो उमेरमा नै थाहा पाइरहेका छन्। यो दुर्भाग्यपूर्ण स्थितिको जनक पनि उत्तर आधुनिक युग नै हो। एक व्यक्तिमा उमेर अनुसार शारीरिक एवं वैचारिक स्थितिमा परिवर्तन आउनुपर्छ। यस्तो हुनु आवश्यक पनि छ। तर अहिले सूचना, जानकारी, खबर, विचार आदिको बाढीले कम उमेरमा नै बालबालिकाहरूलाई वयस्क तुल्याइदिइहेको छ। उनीहरूलाई अनेक किसिमका अपराधहरू गर्न प्रेरित गरि रहेको छ। बालबालिकाहरूलाई अनावश्यक किसिमले यौन चेतना सानै उमेरमा प्राप्त भइरहेको छ। यो स्थितिलाई के उत्तर आधुनिक युगको त्रासदी भन्न सकिंदैन? (अमेरिका)

साभारः समकालीन साहित्य

# सम्मान

(लघुकथा)



नवराज रिजाल
सम्पर्क : ९८५११३८६२४
पेशा : प्राध्यापन/पत्रकारिता

आजीवन भाषा, साहित्य, संस्कृति र कलाको लागि मरिमेटेर लागेका मान सिंहको मृत्युले परिवारमा अपूरणीय क्षति तथा दुःखद परिस्थिति निम्त्यायो। उनी सरकारी कार्यालयका न्यून वेतनी कर्मचारी थिए। उनको तलबमान न त परिवारजनहरूले थाहा पाउँथे, न त खर्चबर्चमैं लाग्थ्यो।

अस्पतालको गह्रुँगो प्रेश्क्रिप्शनले आँधीबेहरी घरभित्रै निम्त्यायो। लोग्नेको तलब देख्न वा छुनसम्म नपाएकी स्वास्नी औषधोपचारको पिरलोमा परिन्। आर्जन पाएकी थिइन् भने बहालमा बस्नको लागि लिइएको कोठामा बोराभित्र कोचिएका अनगिन्ती पुस्तक र पत्रपत्रिका मात्र। तिनीहरू न त छाक टार्ने समस्यामा सहायक हुन्थे, न त औषधिमूलोमा नै।

स्वदेशमा उपचार नहुने कुराले निराशा, पीडा र वितृष्णा उब्जायो। स्वास्नी, सन्तान र शुभचिन्तकहरूको सहयोग माग्न, साथीभाइ गुहार्ने र सम्बन्धित निकायसँग पनि अनुरोध गर्ने सुझाव र सल्लाहलाई उनले सुन्नै मानेनन्। बरु यसै मर्ने तर स्वाभिमान नबेच्ने हठमा अडिग रहे। उनको विचारको परवाह नगरी केही व्यक्तिहरू मान सिंह सहयोग समिति बनाएर आर्थिक सहयोग जुटाउने काममा कम्मर कसेर लागे। सडकमा हुनेले भरथेग गरे, तर हुनेखानेले पटक्कै चासो नलिएको कारण उपचार गर्न विदेश त के स्वदेशकै साधनस्रोत सम्पन्न अस्पतालसम्म पुऱ्याउन पनि सम्भव भएन। उनको दुःखद अन्त्य भयो।

मान सिंह सहयोग समितिले जम्मा गरेको चन्दा रकमबाट काजकिरियाको बन्दोबस्त भयो र १३औं दिनमा सानो श्रद्धाञ्जलिसभा गरियो। १४औं दिन सरकारी सञ्चारमाध्यमले मान सिंहको मृत्युमा सरकार र सम्बन्धित निकायहरू दुःखित भएको बताउँदै राजधानीमा गरिने शोकसभामा देशका वरिष्ठ राजनीतिज्ञ, समाजसेवी र साहित्यकारहरूलाई आत्माको चिरशान्तिको लागि प्राथना गर्न उपस्थित भइदिन सविनय अनुरोधको सूचना प्रसारण गऱ्यो।

# आनन्दको खोजी : मनको अन्तर्यात्रा



हरिकृष्ण बराल
(स्वामी राधामाधव)
मुर्ली बगैंचा, वीरगंज

यसैगरी, प्रकृतिले उसको तर्फबाट समान अवसर दिएको छ, त्यसमा कुनै भेदभाव गरेको छैन। तर जीवन जिउने कला हामीले विकसित गर्नुपर्छ। कच्चा पदार्थ सबैलाई एकै किसिमको प्राप्त भएको छ। तर मुख्य कुरा यो छ कि त्यसको उपयोग हामी कसरी गर्छौं ? आगो बाल्नको लागि सलाई कोर्दा हात जलायौं भने त्यसमा सलाईको के दोष हुन्छ र ? तरकारी काट्दा हामीले आफ्नो औंला काटचौं भने त्यसमा न तरकारीको दोष हुन्छ, न चुलेसीको दोष हुन्छ। यसमा हाम्रै बेहोशीको दोष हुन्छ।

हामी जसलाई महापुरुष भन्छौं, सन्त भन्छौं। उहाँहरूको जीवन सुव्यवस्थित छ। चीजहरू यताउता छरिएका छन्, चीजहरू जहाँ हुनुपर्ने हो, त्यहाँ छैनन्। कसैले चिया पकाउँदा चिनी हाल्नुपर्नेमा उस्तै देखेर नून हालिदियो। चिनी त त्यहाँ छँदै थियो, उसले चिनी र नून चिन्न सकेन, त्यही भएर उसले चिनी हाल्ने ठाउँमा नून हालिदियो। चिया त बन्यो तर खान नसकिने बेकारको बन्यो। जुन परिकार बन्नु थियो, त्यो नबनेर अर्कै थोक बन्यो।

सन्तहरूको जीवन सुव्यवस्थित छ। सामान्य व्यक्तिको जीवन अस्तव्यस्त छ। सामानहरू जहाँतहाँ छरिएका छन्। त्यसैले सही सामानको उपयोग हुँदा सन्तहरूको जीवनमा सकारात्मक परिणाम आएको छ भने सही सामानको उपयोग हुन नसक्दा सामान्य मानिसको जीवनमा नकारात्मक परिणाम देखिएका छन्। त्यसैले भगवान्ले हामीलाई किन अलगअलग तरीकाले बनायो ?

हामीलाई समान अवसर दिएन भन्नु बेकार छ। भगवान्ले हामी यस धर्तीमा रहेका करीब आठ अर्ब मानिसमा समान जीवन दिनुभएको छ। यसमा केही अपवादको रूपमा पाँच/दश प्रतिशतको भेद हुन सक्छ, यसलाई हामीले सहजरूपमा लिनुपर्छ।

क्रमशः

### गजल



होमशङ्कर बाँस्तोला
पुरस्कार/सम्मानः जनान्दोलन घाइते सम्मान (नेपाल सरकार) २०६३, भानुभक्त काव्य पुरस्कार, २०७१, यज्ञराज घले संस्था पुरस्कार, २०७४, प्रेस काउन्सिल साहित्यक पत्रकारिता पुरस्कार, २०७६

छातीभित्र तिम्रै मात्र तस्वीर पो छाप्यो प्रिया
पलपलको सम्झनाले मुटुभित्र राप्यो प्रिया

बिर्सु भन्छु तर कहाँ बिर्सन्छ र यो मनले
अतीतले झस्काएर पीडा झनै खाप्यो प्रिया

हृदयमा बल्झाएर तिमी टाढा हुँदाखेरि
छातीमाथि हात राखी कति आँसु थाप्यो प्रिया

जिन्दगीमा तिम्रै साथ पाउने आस गर्दागर्दै
सपनीमा न्यानोन्यानो घाम पनि ताप्यो प्रिया

हावासरी बहिरने खुशीका ती पलहरू
टुक्रिएर झर्ला भनी भित्रभित्रै काप्यो प्रिया

# साइनो

### कविता



डा छायादत्त न्यौपाने 'बगर'
सम्पर्कः ९८५११५७१९३
पेशाः लेखन, सम्पादन तथा प्राध्यापन

बिजुलीको व्यापार
अँध्यारै रहे झोपडी
कमिशनमा सरकार ?

तरमारा चिन्तन
घाँस खाने यो चेतना
मर्कट शासन पद्धति ?

कर तिर्ने जनता
भीड गर्छन् स्यालहरू
राइँदलो छ ढुकुटीमा।

बचाऔं मान हाम्रो
काम गर्ने बानी राम्रो
पौरखी खाने सान हाम्रो !

कुरा गर्छु देशको
काम गर्छु विदेशीको
पसिना खान्छु जनताको !


जनता भोकै यहाँ
रोगव्याधिको प्रकोप
देशैभरि साँढे जुधाइ ?

कर्म गर्छौं नेपाली
फूलबारी सजाउँछौं
सिङ्गै नेपाल हसाउँछौं !

सिङले सिङ भाँच्यो
गोहीका मुखमा माछो ?
पटुकामा जनजीवन !

# भदईबहू

कथा



डा शिवशङ्कर यादव
shivshankaryadav3398@gmail.com

हिजो भदईबहूको निधन भयो। आजभोलि उनी भीख मागेर गुजारा गर्थिन्। राति सुतेकी उनी बिहानैदेखि बाहिर देखिइनन्। खोजखबर गर्दा उनी मरिसकेकी थिइन्। दागबत्ती दिने पनि कोही थिएन। भदईका भाइ खिदइ किरियापुत्री बसे। मोगलानबाट फर्केपछि जबसम्म जीउमा जाँगर थियो, तबसम्म भदई र भदईबहू सुनर साहुको खेतमा काम गर्थे। एक दिन राति सुतेका भदई फेरि उठेनन्। तबदेखि भदईबहू कुमीनपुरवा गाउँमा भीख मागेर जीविकोपार्जन गरिरहिन्। जुन दिन भदई स्वर्गे भयो, त्यही दिनदेखि भदईबहू दुःखी देखिन्थिन्। नत्र उनको अनुहारको आत्मसन्तोषले सबैलाई आकर्षित गर्थ्यो। कति सहज र स्वाभाविकरूपले उनले जीवनलाई स्वीकार गरेकी थिइन् ? धन र इस्टेट गइसकेकोले उनीभित्र दुःख थिएन। यस सम्बन्धमा उनले असन्तोष र गुनासो प्रकट गरेको कसैले देखेन।

गाउँमा ४०/५० बिघा जमीन भएकोलाई दौलत र स्टेटवाला भनिन्थ्यो। भदईबहू त्यही इस्टेटको मालिक्नी थिइन्; विधवा मालिक्नी। नाम थियो सतावरी सिंह। कुर्मीनपुरवा गाउँमा सात राजपूत परिवार थियो। तीमध्ये सबैभन्दा सम्पन्न परिवारको सतावरी सिंह बुहारी थिइन्। पर्दाले ती राजपूत सिंहिनीलाई बिच्छीले जस्तै डङ्क मार्थ्यो। १७ वर्षको उमेरमा पतिको मृत्युले उनीमाथि बज्रपात भयो। गौना गराएर आएपछि पति स्वर्गे भएका थिए। सतावरीलाई बुढेसकालमा पनि मानिस हेरेको हेर्‍यै हुन्थे। यस्तै बूढो शरीरलाई हेरेर सुमित्रानन्दन पन्तले लेखेका होलान्–

**उसका लम्बा डिलडौल है,उसकी कैसी छाती चौडी।**
**इस खण्डहर में बिजली सी उन्मत्त जवानी होगी दौडी।**

सुन्दरता त होइन, अब छाला लत्रिन थालेको छ। तर जीउ हेरेपछि मान्छे हेरि नै रहन्थे। बाफ रे बूढी भएपनि उसको शरीरको गठन कस्तो रहेछ ? पहिलो गर्भ तुहिएपछि अर्को सन्तान भएन। यसबारे जब रासबिहारी सोध्थ्यो, उनी रुन थालिथन्। रासबिहारीलाई जवाफ दिन्थिन्– यसै देहमा एक दिन पूरै जोवन आएको थियो। कस्तो सुन्दर र मधुर सङ्गीत हुन्छ जवानीको ? तर पतिको देहान्तपछि त्यो जवानी सुनसान भयो। कति अल्लारे युवकले मलाई बहकाउने कोशिश गरे ? कोही कसरी आफूमाथि काबु पाओस् ? यस्तो यस्तो उत्तेजक शब्द र कर्मको प्रदर्शन गर्थे कि आफूमाथि काबू पाउन हम्मे पर्थ्यो। तर जब आफ्नो हरुवालाई हेर्थें, उसको जब्बर काँधमा हलो हेर्थें, आफूमाथि काबू पाउन असमर्थ हुन्थें।

र एक दिन मेरै नन्दले मेरो कोठामा चारजना मान्छे पठाएर कोकोहोलो मचाउन थालिन्, तब म बेसहारा भएँ। नन्द जसजससँग लसपसिएकी थिइन्, तिनैलाई मेरो इज्जत लुट्न पठाएकी थिइन्। तिनीहरू मेरो इज्जत त के लुट्न सक्थे, तर जमानाको नजरमा मेरो इज्जत लुटियो। नन्द त यही चाहन्थिन्। मलाई इज्जत गर्ने मान्छेहरू ममाथि थुक्न थाले। सतवन्ती बन्छे, डुबुल्की लगाएर पोठिया माछा खान्छे, अब घाँटीमा सिंघी माछा अड्क्यो त मुखबाट बकार निस्कँदैन। म सुनेर बस्थें, आफ्नो कोही थिएन।

एक दिन भदईले हिम्मत गरेर मसँग सोध्यो– जे सुनिन्छ, के त्यो सत्य हो मालिक्नी ? मलाई त विश्वास लाग्दैन। उसले उल्टो प्रश्न गरेकी थिइन्– किन भदई, तिमीले देखेनौ चारजना मेरो कोठाबाट भाग्दै गरेको ? फेरि आँसु झार्दै सोधिन्– के तिमीलाई पनि गाउँलेमाथि नै विश्वास छ, ममाथि छैन ? भदईले भन्यो– ना मल्किनी, मलाई तपाईंमाथि विश्वास छ। यत्रो दिनदेखि नमक–पानी खाइरहेको छु र देखिरहेको छु। तपाईंकी नन्द रामरति तपाईंलाई घरबाट निकाल्न चाहन्छिन्। गाउँभरिका तन्नेरीहरूसँग तपाईंलाई निकाल्ने त्रियाचरित्र रचिरहन्छिन्। उसको पति बिसम्मर नामर्द छ, उसमा राजपूतको रगत छैन। घरको एकमात्र सन्तान थिए, हजुरको पति। उनको मृत्युपछि बिसम्मर ससुराली आएर बसेको छ र नन्द इस्टेट आफ्नो बनाउने उपक्रममा लागेकी छन्।

उनले भदईलाई भनिन्– भदई, म विचार गरिरहेकी छु। ती लुच्चाहरूको बारेमा जसले मलाई बदनाम गरे। तिमी जब काँधमा हलो लिएर हिंडेको देख्छु तब हेरिरहन मन लाग्छ। सोच्छु कि के मलाई यस जब्बर काँधको सहारा पाइन्छ ? जब दुनियाँ नै यस्तो छ भने किन यस काँधको सहारा नलिने ? भदईले आश्चर्यमिश्रित खुशीले उनलाई हेरिरह्यो। एक दिन गर्भ नै रहेपछि भागेर मोगलान जाने तय गर्‍यौं। ठूलो विचारविमर्श गरेर त्यो पाइला उठाए। उनीहरूलाई कुनै पछुतो थिएन। यहाँ पनि गर्भ खेर गयो।

भदईबहूको अनुहारको आत्मसन्तोषले सबैलाई आज पनि निरस्त्र गरिदिन्छ। भदई र भदईबहू ५० वर्षपछि गाउँ फर्केका थिए। बसै गाउँले तमाशा हेर्न आएका थिए। दुवैलाई गाउँलेहरूले सम्मान साथ ठाउँ दिए। नेपोलियनको खन्जरले फ्रान्सको अजायबघरमा ससम्मान ठाउँ पाएजस्तै कुर्मिनपुरवामा उनीहरूले ठाउँ पाए। तर ठाउँ न पाएको एउटै ठाउँ थियो, भदईबहूले छोडेर गएको आफ्नै घर। भदईबहू मोगलान पसेपछि उनी नन्दको इच्छा पूरा भइसकेको थियो। अब त्यस घरमा नन्दको एकछत्र राज्य थियो। भदईबहूले कति सहजतापूर्वक दौलत त्याग गरेकी थिइन्, त्यो उनको अनुहारमा झल्कने सन्तोषले व्यक्त गरिरहेको थियो। त्यति बेला जब कसैले सोच्न पनि कठिन थियो, सतावरी सिंहको विद्रोह ५० वर्षपछि अनुकरणीय भएको थियो।

# तपाईं राष्ट्रवादी पो !

व्यङ्ग्य



बद्रीप्रसाद ढकाल
सम्पर्कः ९८५११९६४८६
पेशा : लेखन, सम्पादन तथा प्राध्यापन

'देशभक्ति मर्दैन चुत्थै देश भएपनि' समले त्यसै लेखेका पनि होइनन् नि। आखिर देश भनेको मानचित्र मात्रै पनि होइन, देशसँग त मन, मुटु, मस्तिष्क सबै जोडिएरै आउँछ। 'जननी जन्मभूमिश्च स्वर्गादपी गरियसी' अर्थात् जन्मेको ठाउँ र जन्म दिने आमा विश्वका सबै ठाउँभन्दा ठूला हुन्, दुर्लभ हुन् भन्ने कुरो वास्तवमा अब कुरोमा मात्र ठूलो हुन थाल्यो। यसले जोडेको भावनासँग खेल्न खोज्ने देशका नेतृत्व भएपछि लोकको के लाग्छ। नागरिक नै बेच्ने, देशलाई लुछीलुछी घिच्नेले आफ्नो कर्तव्य र राष्ट्रप्रतिको दायित्व भुल्नेहरूले राष्ट्रवादको कुरो गऱ्या पटक्कै नसुहाउने भन्या। विदेशी मालिकको चाकडीमा लाग्नेले नै राष्ट्रवादको भाषण गर्छ। दुःखको कुरो राष्ट्रवादका कुरामा ठूलाठूला डिङ हाँक्नेहरू नै बाहिरी पनि ढोंग मात्र देखाउँछन्। आफूलाई असल राष्ट्रवादी र अरूलाई कमसल भन्नेहरू पनि ठाउँठाउँमा आफ्नै कुरा काट्छन्, आफूलाई राष्ट्रको नागरिक भएको गर्व होइन लज्जा अनुभव गर्नुपर्ने गरी हरे शिव, मूर्तिकै देश पो बनाए त...।

राष्ट्रवादीका नामका, कमसेकम जो अगुवा उही बाटो ... भएपछि आशा कसरी गर्नु। त्यो पनि दोस्रो पुस्ताका लागि झन्झन् निराशा हुने कुरा गर्छन्। धाक र रवाफ देखाउनुपरे अर्काकै, राष्ट्रको बखान गर्नुपरे अर्काकै कुराकानी, अन्तर्वार्ता जे भएपनि परचक्रीकै, उदाहरण दिनु परे विदेशकै, अर्थ–उद्योग–वाणिज्यदेखि चलचित्रसमेत अर्काकै हेर्ने, अर्काकै राम्रो देख्ने अनि त्यसैलाई आफ्नो राष्ट्रबीच तुलना गरेर आफैंलाई खुम्च्याउने प्रवृत्ति पनि हाम्रै। अर्काको राम्रो र आफ्नो नराम्रो भन्ने अनि कसरी हुन्छ असल राष्ट्रवाद बुझ्नुपर्दैन भन्या। पुर्खाले यही भूमिका लागि प्राणका आहुति दिए, एक थोपा रगत रहेसम्म आफ्नो स्वतन्त्रता र स्वाभिमानको लागि लडिरहे। हाम्रो स्वार्थका लागि पराधीन चाहन्छौं, आफ्नो जीवनलाई सम्पन्न बनाउन अर्काकै चाकडी गर्छौं अनि कसरी बन्छ मुलुक। हामी सधैं अर्काकै लागि मिहिनेत गर्छौं बनाउने कुरोमा। आफ्नालागि चाहिं हात मोल्छौं, हात थाप्छौं, अनि त्यहाँ खोज्छौं, राष्ट्रियता। देशका दक्ष जनशक्ति हुन् कि अन्य, सबैलाई अर्काकै विकासले तानेको छ, अर्कैको सम्पन्नताले बानेको छ, अनि हाम्रोमा के छ र भन्ने पनि हामीहरू।

हाम्रा शाखा सन्तानलाई अरूकोमा बाधा बनाउन कम्मर कस्ने पनि हामीहरू त्यस्ताका पनि असल राष्ट्रवादको कुरा चलेकै छ। शक्ति, बुद्धि र विवेक अर्कैको लगेर सुम्पेर आफ्नो चाहिं बनेन भन्नु पनि हाम्रो विद्वता नै हो। क्यारे देशले लाखौं खर्च गरेर उत्पादन गरेको दक्ष जनशक्ति देशका लागि सपना देख्छन्। यता भने काम गर्ने र गराउने वातावरण नै बन्दैन। निराश भएको युवा झोला बोकेर हुत्तिन्छ परदेश अनि नेतृत्व देख्छन् समृद्धको सपना काम कुरो एकातिर कुम्लो बोकी ठिमीतिरै। अनि देश योभन्दा भताभुङ्ग के गरेर हुन्छ। फुर्सदको समयमा दुई/चार जना जम्मा गरी राष्ट्रवादको गफ गर्नमा हामी माहिर छौं। अर्कैको राष्ट्रियताको सम्मान गर्छौं, यही समय राष्ट्रको उन्नतिका, भलाईका लागि खर्च गर्दैनौं, रुचाउँदैनौं। समाजसेवाका कुरा गर्नेहरू विनालाभमा डेग सर्दैनन्, कुनै सामाजिक काममा फुर्सद नभएको बहाना बनाउँछन् र गफ चुट्छन्। अनि उन्नतितर्फ बढेन भन्ने पनि तिनीहरू नै। बडा गजब छ हाम्रो संस्कृति। अर्काको उन्नतिको बखानले मात्र राष्ट्र बन्छ ? कदापि बन्ला त। अर्काको विकाससँग तुलना परिवर्तन हुन्छ ? हुनै सक्दैन। कत्रो जिम्मेवारीलाई नबुझ्ने, बुझे पनि बुझ पचाउने अनि हाम्रो उन्नति आफैंले गर्ने कि पाउ मोलेर हुने हो ? उन्नति कहिले हुन्छ कसले गरिदिन्छ ? आफू चाहिं कहाँ के लागि मरिमेट्ने अर्काकै पराधीनलाई गर्व गर्ने, आफ्नो चाहिं भएको पनि बिगार्ने, भत्काउने बाँदरे प्रवृत्ति देखाउने अनि आफैंलाई बिचरा भन्न पनि पछि नपर्ने द्वैध चरित्र भएपछि कसको के लाग्छ। कहिले सुध्रिएला हाम्रो मति। सहयोगी हातहरू जति धेरै भएपनि सहयोग लिनेले कहिले पाएँ नभन्ने। पाएको अवस्था पनि नदेखिएपछि दिनेले पनि कति मात्र देओस् डाक्टर, इन्जिनीयर, पाइलट जस्ता प्राविधिक पनि अर्काकै राष्ट्र बनाउनमा तयार शिक्षित वर्ग सबै अरूलाई नै श्रम, सीप बेच्ने अनि विकासको पूर्वाधार भएन, भताभुङ्ग भयो मात्र भनेर हुन्छ त ! बडो अचम्मको कुरो राष्ट्रले जननीले जन्माएको सपुत आफ्नै आङ कन्याएर छारो उडाउनेहरू कसरी बच्न सक्छन्, असल राष्ट्रवादी आफैंलाई गौरवान्वित महसूस गर्न नसक्ने अग्रजले राष्ट्रवादको के कुरा देलान्। कमसेकम राष्ट्रवादको गौर नगरे पनि राष्ट्रका बारेमा नमीठा नराम्रा कुरा नगर्दिए त हुन्थ्यो नि। त्यो पनि गर्न नसके के को सच्चा नागरिक, के को राष्ट्रवादी ? देशको सीमा मिचिन्छ, सदनमा कुर्लन्छौं, सडकमा चर्का नाराले उर्लन्छौं, तर त्यसका समाधानका लागि केही गर्दैनौं केवल बहसका विषय बनाउँछौं, अनि लाज पचाएरै मिच्नेको आतिथ्य ग्रहणमा नाक फुलाउँछौं, हरे शिव चरित्रको के कुरा गर्नु अब।

लाजै पचाएर आतिथ्य ग्रहण गरेर तलुवा चाट्नु पनि त विशेषतै भइसकेछ, आफ्नो स्वार्थका लागि। त्यहाँ कहाँ छ, राष्ट्रवाद ? खोज्न बत्ती नै बाल्नुपर्ला जस्तो भइसक्यो। जति राम्रो नीति नियम बनाए पनि विश्वकै उत्कृष्ट संविधान बनाए पनि हामी झन्झन् किन ? गरीब र अराजक। हुनत जहाँ कङ्गाल, त्यहाँ चण्डाल भन्छन् क्यारे। भोकले चेतनालाई उठ्नै दिँदैन। कतिसम्म निर्लज्ज भए नभएका कुरा गरेर ठूलो बन्नुपर्ने। नियम मिच्नुपर्ने, असहायलाई थिच्नुपर्ने, हुने नहुने सबै कुरा घिच्नुपर्ने।

आफू समाजको गन्नेमान्ने भएको नाताले नीतिनियम मिच्छौं। आफ्ना सहकर्मीहरूलाई मिच्न लगाउँछौं, अनि कसरी बन्न सक्छ असल राष्ट्र ? कमसेकम देश बनाउन कसरत नगरे पनि बिगार्ने केही काम नगरे पनि हुन्थ्यो। हाम्रो बुद्धि विवेकको प्रयोग सही ठाउँमा गर्न सके भोलिको हाम्रो भविष्य अन्योल त हुँदैनथ्यो। देशप्रति सकारात्मक कुरा सिकाए पनि त असल राष्ट्र बन्न सक्छ नि खै चेत। त्यतिसम्म पनि गर्न नसक्ने हामीमा कहाँ छ असल राष्ट्रवाद ? हुने खानेको नाममा हामी हाम्रा सन्तानलाई विदेशप्रतिको मोह देखाउँछौं, उतै पुऱ्याउँछौं। अनि देशका सक्षम जनशक्ति सबै विदेशतिर पलायन हुन्छन्। सीपविहीन, दक्षताविहीन भएका हामीहरू फुर्सदको समय हावाखोरीमैं बिताउँछौं, अनि बन्छ ? के कसरी असल। बडा दुःखको कुरो हामीभित्रको अन्तर्घाती आत्मा अर्काको भलो देख्न नसक्ने मन, व्यक्तिभित्रको कुविचार, व्यक्तिवादी अनि फेरि हिजोको राष्ट्रभक्तिको उदाहरण दिने हामीहरू नै। हिजोका सपुतहरूको गुणगान गाउने हामीहरू मात्र आज फुइँ लगाएर कुरा गरिरहेका छौं, विचार र व्यवहारमा ठीक भिन्नता छ, असान्दर्भिकता देखाइरहेका छौं, राष्ट्रलाई दलदलमा फसाउनु नै हो राष्ट्रवाद समय फेरिएको हो या अर्थ, व्यक्ति, समाज बुझ्ने कसले ? आफूलाई निकम्मा घोषित गरेर के प्रमाणित गर्न खोजेको हो, लौन कसैले त सोध नेता भनेका बदमाश हो कि चोर, कि केही काम नलाग्ने मनस्थिति बिग्रेका नै नेता बन्ने योग्यता हो कि बढी कुरा गर्न सक्नु राष्ट्रवादीको ठूलै बिल्ला जेहोस् अब चोकचोकमा ऐना झुन्ड्याउनु नपर्ने पो भा'कै हो त।

**संयात्राको ...**

वर्णनात्मकता र विवरणात्मकता दुवै शैलीको उपयोग गरिएको छ। धेरै नियात्रामा पूर्वदीप्तिको उपयोग गरिएको छ। नियात्रा सिर्जनाको तिथिमिति उल्लेख गरिनु र अधिकांश नियात्राको समापनमा उत्सुकता बाँकी नरहनु पनि यसको विशेषता बन्न पुगेको छ। धार्मिकस्थलहरूको बाहुल्य यस नियात्राको अर्को विशेषता हो।

यात्राको गतिमा कतिपय अवस्थामा व्यक्ति र स्थानका नामले पाठकलाई अवरोध सिर्जना गरेको लागेको छ। कुनै कुनै ठाउँमा दुईपटक पुग्दाको अनुभूति राखिएका छन्। एउटै कुरोलाई दोहोऱ्याएर पढ्नुपर्दा अघाएकोलाई मीठो खानाजस्तो हुन पुग्छ। नियात्रालाई लामो बनाउन सकिने ठाउँमा कुनै पत्रिकाको आवश्यकता अनुसार बनाइएको अनुभूति हुन्छ। सलल बग्न दिनुपर्नेमा रोकिदिएको जस्तो। कृतिभित्र रहेका पाँच खण्डमध्ये चार खण्डलाई अलिक अझ विस्तार गरेर चार कृति बनाउन सकेको भए अझ बढी जानकारीमूलक र साहित्यिक बनाउन सकिन्थ्यो।

**र, अन्त्यमा**

'संयात्राको संयोग'मा संयोगले हुन पुगेका, यात्राको संयोग मिलाइएका गरी दुवै किसिमका नियात्रा रहेका छन्। कृतिको शीर्षक पूर्णतः सार्थक छ। यस कृतिसँगै नियात्राकारले आफूलाई चिनाउन खोजेको पहिचान कायम भएको छ– नियात्राकार रमेशमोहन अधिकारी।

## अन्तर्राष्ट्रिय समाचार

# रूसद्वारा सेनाको बदलामा उत्तर कोरियालाई तेल, एन्टी–एयर मिसाइल र आर्थिक सहयोग प्रदान

सियोल, ७ मङ्सिर/एएफपी

रूसले उत्तर कोरियालाई युक्रेनविरुद्ध मस्कोको युद्धलाई समर्थन गर्न पठाएको सेनाको बदलामा तेल, एन्टी–एयर मिसाइल का साथै आर्थिक सहयोग प्रदान गरेको सरकारी अधिकारीहरूले शुक्रबार जनाएका छन् ।

अमेरिका र दक्षिण कोरियाले उत्तरकारियाले रूसलाई युक्रेनसाग लड्न दश हजार भन्दा बढी सैनिकहरू पठाएको दावी गरेका छन् भने विज्ञहरूले किम जोङ उन्नत प्रविधि र बदलामा आ□नो सेनाका लागि युद्धको अनुभव प्राप्त गर्न उत्सुक रहेको बताएका छन् ।

दक्षिण कोरियाका शीर्ष सुरक्षा सल्लाहकार शिन वोन–सिकले उत्तर कोरियाले सेना तैनातीको बदलामा आर्थिक सहयोगका साथै हवाई रक्षा प्रणालीलाई बलियो बनाउन आवाश्यक उपकरण, एन्टी–एयरक्रा□ट मिसाइलहरू कोरियामा पठाइएको पुष्टि गर्नु भएको छ ।

पछिल्लो आठ महिनामा एक दर्जन भन्दा बढी उत्तर कोरियाली तेल ट्याक्तरहरूले रूसको बन्दरगाहमा रहेको तेल टर्मिनलमा ४३ पटक यात्रा गरेको स्याटेलाइट तस्बिरहरू साभार गर्दै बीबीसीले जनाएको छ ।

बेलायती विदेश सचिव डेभिड लम्मीलाई उद्धृत गर्दै रिपोर्टले तेल हतियार र मिसायलले मस्को पठाएको सेनाको भुक्तानी लिएको जनाएको छ ।

उत्तर कोरियाली नेता किम र रूसी राष्ट्रपति भ्लादिमिर पुटिनले गत जुनमा क्रेमलिन प्रमुखको भ्रमणको क्रममा रणनीतिक साझेदारी सन्धिमा हस्ताक्षर गरेका थिए।

यसले दुवै राज्यलाई अर्कोमाथि आक्रमण भएमा सैन्य सहायता प्रदान गर्न र पश्चिमी प्रतिबन्धहरूको विरोध गर्न अन्तर्राष्ट्रिय सहयोग गर्न बाटो खोलेको थियो ।

विश्लेषकहरूका अनुसार सैनिकहरूको बदलामा रूसले उत्तर कोरियालाई तेल र ग्यास जस्ता अन्य प्राकृतिक स्रोतहरूमा पनि पहुाच दिन सक्छ।

उत्तर कोरियाली विदेश मन्त्री चो सोन हुईले हालै मस्कोको भ्रमण गरी आ□नो देश "विजय दिवससम्म रूसी कमरेडहरूसाग दृढतापूर्वक उभिने बताउनु भएको थियो । रासस

# चीनद्वारा २९ देशका लागि एकपक्षीय भिसामुक्त नीति लागू

बेइजिङ, ७ मङसिर/सिन्ह्वा

चीनले अन्तर्राष्ट्रिय यात्रालाई बढावा दिने प्रयासस्वरूप फ्रान्स, जर्मनीलगायत २९ वटा देशका लागि एकपक्षीय भिसा–मुक्त नीति लागू गरेको विदेश मन्त्रालयका अधिकारीले जनाएका छन् ।

पत्रकार सम्मेलनमा मन्त्रालयको कन्सुलर विभागका अधिकारी टोङ जुएजुनले चीनले २५ वटा देशसँग पूर्ण भिसा छुट प्राप्त गरेको बताएका छन् ।

मन्त्रालयले सन् २०२३ डिसेम्बर–१ देखि प्रान्स, जर्मनी, इटाली, नेदरल्यान्ड्स, स्पेन र मलेशियाका साधारण पासपोर्टधारीको लागि एकपक्षीय भिसा–मुक्त प्रवेश परीक्षणको घोषणा गरेको हो ।

यस नीति अन्तर्गत योग्य व्यक्तिहरूले व्यापार, पर्यटन, पारिवारिक भ्रमणलगायत उद्देश्यले १५ दिनसम्म चीनमा रहन सक्नेछन् ।

चीनले आफ्ना दूतावासमा भिसा आवेदन अघि अपोइन्टमेन्टको आवश्यकता रद्द गर्दै फिंगरप्रिन्ट सङ्कलनको छुट विस्तार गरी भिसा शुल्क २५ प्रतिशतले घटाएको टोङले बताए ।

सन् २०२४ को तेस्रो त्रैमासिकमा चीनमा विदेशीद्वारा गरिएको ८.१९ मिलियन यात्रा रेकर्ड छ, जुन गत वर्षको समान अवधिको तुलनामा ४८.८ प्रतिशतले बढी हो । अधिकारीका अनुसार तीमध्ये ४.८९ मिलियन भिसा–मुक्त व्यवस्था मार्फत आएका थिए ।

मन्त्रालयले विशेषगरी व्यापारिक गतिविधिमा संलग्न व्यक्तिहरूका लागि सीमापार यात्रालाई सहज बनाउन भिसा–मुक्त प्रवेश नीतिलाई परिष्कृत गरी जारी राख्ने टोङले बताएका छन् । रासस

# पाकिस्तानमा भएको हमलामा ४३ जनाको मृत्यु

पेशावर, ७ मङ्सिर/एएफपी

उत्तरपश्चिम पाकिस्तानमा भएको साम्प्रदायिक हमलामा ४३ जनाको मृत्यु भएको अधिकारीहरूले शुक्रवार बताएका छन्। अधिकारीहरूका अनुसार प्रभावित जिल्लामा कर्फ्यू लगाइएको र मोबाइल सेवासमेत बन्द गरेको बताएका छन् ।

अफगानिस्तान सीमा नजीकैको खैबर पख्तुनख्वा प्रान्तको कुर्रम जिल्लामा प्रहरी एस्कसँग यात्रा गरिरहेका शिया मुसलमानको दुईवटा छुट्टै समूहमा बन्दूकधारीले बिहीवार गोली हानेका थिए ।

लामो समयदेखि यस क्षेत्रमा सुन्नी र शिया मुस्लिम जनजातिबीच झडप भइरहेको छ ।

एक वरिष्ठ प्रशासनिक अधिकारी जावेद उल्ला महसुदले कुर्रममा भएको हमलाको पुष्टि गरेका छन् । उनका अनुसार पीडितहरूमध्ये सातजना महिला र तीनजना बालबालिका रहेका छन् भने आक्रमणमा १६ जना घाइते भएका छन् ।

एकजना वरिष्ठ प्रशासनिक अधिकारीले नाम नछाप्ने शर्तमा शुक्रवार जिल्लाभर मोबाइल सेवा बन्द गरिएको जनाउँदै मुख्य शहर पाराचिनारमा स्थानीयले धरना तथा प्रदर्शन गर्दा स्थिति तनावपूर्ण भएको बताएका छन् ।

माथिल्लो र तल्लो कुर्रम जोड्ने मुख्य सडकमा कफ्र्यू लगाइएको तथा बजार र यातायात बन्द गरिएको अधिकारीले बताएका छन् ।

हिंसाको पाकिस्तानी अधिकारी र मानव अधिकार समूहहरूले निन्दा गरेका छन् । पाकिस्तानको स्वतन्त्र मानव अधिकार आयोग (एचआरसिपी) ले विज्ञप्तिमार्फत घटनाबाट सरकार नागरिकको सुरक्षा गर्न असफल भएको पुष्टि भएको छ । यसैगरी हिंसाको चक्रलाई तत्काल रोकी निर्णायक कदम चाल्न माग गरेको छ । रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष – कार्यनाश | वृष – उदरपीडा |
| मिथुन – विजय | कर्कट – धनखति |
| सिंह – भाग्योदय | कन्या – बेचैनी |
| तुला – मनोरञ्जन | वृश्चिक – कर्मप्राप्ति |
| धनु – राज्यभय | मकर – वादविवाद |
| कुम्भ – यात्रालाभ | मीन – शत्रुभय |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

# भारतमा १० जना माओवादीको मृत्यु

रायपुर, ७ मङ्सिर/एएफपी

भारतमा लामो समयदेखि चलिरहेको सशस्त्र द्वन्द्वलाई नियन्त्रण गर्ने प्रयासमा भारतीय सुरक्षा बलले शुक्रवार गरेको कारबाहीको क्रममा कम्तीमा १० जना माओवादी विद्रोहीको गोली लागेर मृत्यु भएको प्रहरीले जनाएको छ ।

भारतका सीमान्तकृत आदिवासीहरूको अधिकारका लागि चलिरहेको आन्दोलनमा हालसम्म १० हजारभन्दा बढी मानिसको मृत्यु भइसकेको जनाइएको छ भने विद्रोह छत्तीसगढ राज्यको दुर्गम जङ्गल क्षेत्रमा भएको थियो ।

अहिलेसम्म १० जना माओवादीको शवका साथै विद्रोहीबाट धेरै स्वचालित हतियारहरू बरामद गरेको प्रहरीको माओवादी विरोधी कारबाहीका प्रमुख विवेकानन्द सिन्हाले बताए ।

यसैबीच भारतका गृहमन्त्री अमित शाहले विद्रोहीहरूलाई आत्मसमर्पण गर्न वा आक्रमणको सामना गर्न चेतावनी जारी गरेका छन् ।

सरकारी तथ्याङ्क अनुसार सुरक्षा बलले गरेको कारबाहीमा यस वर्ष २०० भन्दा बढी विद्रोहीको मृत्यु भएको छ । रासस


यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ ।

बिल, बूक, खाता | क्यालेन्डर, ब्रोसर, पोस्टर | विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी | भिजिटिङ कार्ड | फ्लेक्स, ब्यानर

प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com




**रामलीला मञ्चन:** नेपालगंज उपमहानगरपालिका–६ फुल्टेक्रामा जारी हडियाबाबा मेलामा बिहीवार राति रामलीला मञ्चन गर्दै कलाकारहरू । तस्बिर: भेषराज बस्नेत/रासस

# भरपर्दो उपचार दिने भरोसा जगाउँदै बर्दिवास अस्पताल

महोत्तरी, ७ मङ्सिर/रासस

आम सेवाग्राहीले उपचारमा समुचित सेवा र वास्ता पाएपछि बर्दिवास अस्पतालमाथि भरोसा बढ्दैछ । अस्पतालले सेवा विस्तार गर्दै उपचारमा गरीबको पहुँच बढाउँदै लगेपछि अहिले अस्पतालबारे सकारात्मक धारणा बन्दै गएको हो ।

"अब चाहिं उपचारै नपाएर मरिन्न होला"–महोत्तरीको बर्दिवास–२ की सङ्गीता मुखिया भन्छिन्–"अस्पतालमा बिरामीले राम्रो वास्ता पाउँछन्, बर्दिवास अस्पतालको उपचार सेवाबारे विश्वास र भरोसा बढेको छ ।"

विसं २०६४ मा स्थापित यो अस्पतालले क्रमशः सेवा विस्तार गर्दै गएपछि सेवा लिने निकै बढेका छन् । एकताका नजीकमैं अस्पताल भए पनि उपचार पाउने/नपाउने संशयले बाहिर उपचार गर्न जाने सर्वसाधारण अब यहीं उपचार लिन थालेका छन् ।

आर्थिक वर्ष २०८०/८१ मा अस्पतालले २७ हजार ७१ जनालाई उपचार सेवा दिएको अस्पताल सेवा मेडिकल सुपरिटेन्डेन्ट डा सुदीप ठाकुरले बताए । जसमा १,५४९ जनाले सुत्केरी सेवा लिएका छन् । जसमध्ये ४९६ जनाले शल्यक्रियाका माध्यमबाट सुत्केरी सेवा लिएको डा ठाकुरले स्पष्ट पारे । उपचार सेवा लिने सेवाग्राहीमध्ये २३,२९८ जनाले ओपिडी सेवा लिएका छन् । खासमा सुत्केरी सेवाको कुशल व्यवस्थापनले अस्पतालको सेवाबारे राम्रो सन्देश प्रवाह भएको बर्दिवासका बारनचौडीका विदुर काफ्ले बताउँछन् ।

अस्पतालले आर्थिक वर्ष २०८१/८२ का बितेका चार महीना (साउनदेखि कात्तिकसम्म) ११ हजारभन्दा बढी बिरामीलाई उपचार सेवा दिएको छ । अस्पतालको प्रसूति सेवाले टाढाटाढा सेवा लिन जानुपर्ने बाध्यता हटेको ग्रामीण महिलाको प्रतिक्रिया छ । पछिल्ला चार महीनामैं सुत्केरी सेवा लिने ४०० माथि पुगेका छन् । शल्यक्रियाबाट सुत्केरी सेवा लिनेकै सङ्ख्या यो चार महीनाको अवधिमा १८५ छ । प्रसूति सेवाको व्यवस्थाले जनकपुरसम्म जानुपर्ने अवस्था अब हटेको बर्दिवास–२ का गायत्री उपाध्याय बताउँछिन् ।

शुरूमा १५ शय्याको यो अस्पतालले सेवा विस्तार गर्दै अहिले ५० शय्याबाट सेवा दिंदैछ । अस्पतालमा बहिरङ्ग सेवा, आकस्मिक सेवा, ओपिडी, प्रसूति, शल्यक्रिया, प्रयोगशाला, एक्सरे, भिडियो एक्सरे, ओसिएमसी, एसएनसियुसहितका सेवा सञ्चालनमा छन् । यसैगरी ओपिडी सेवामा बालरोग, हाडजोर्नी, स्त्री तथा प्रसूति रोग, जनरल सर्जरी (शल्यक्रिया), इन्टरनल मेडिसिन र एमडीजिपी उपचार दिइरहेको डा ठाकुरको भनाइ छ ।

अस्पतालले सामाजिक सुरक्षा सेवा स्थापना गरी यस अन्तर्गत विपन्न, अशक्त, असहाय, अपाङ्गता भएका र दुर्घटनामा परेका व्यक्तिलाई बर्दिवास नगरपालिकाको सिफारिशमा निश्शुल्क र विशेष छुटमा उपचार सेवा दिने गरेको छ । सेवा विस्तार गरिंदै लगिएपछि अस्पतालमा बर्दिवास नगरक्षेत्रबाहेक जिल्लाकै औरही र भङ्गाहा नगरपालिका, छिमेकी जिल्ला धनुषाको मिथिला तथा सर्लाहीको ईश्वरपुरसम्मका बिरामी उपचार लिन आउने गरेका अस्पतालले जनाएको छ । यसबाहेक सिन्धुलीको दुधौली नगरक्षेत्रका बिरामी पनि यहाँ उपचार लिन आउने गरेका छन् । बर्दिवास नगरपालिकाकै जनसङ्ख्या २०७८ को राष्ट्रिय जनगणना अनुसार ७४,३६१ छ । यो र छिमेकका अन्य स्थानीय तहका गर्दा करीब दुई लाख जना यो अस्पतालको सेवा सम्पर्कमा रहेका अस्पताल व्यवस्थापन समितिका अध्यक्ष जयनारायण शर्मा बताउँछन् ।

अस्पतालमा हाल पाँच विशेषज्ञसहित १५ जना चिकित्सक, विभिन्न शाखामा कार्यरत स्वास्थ्यकर्मी ७५ जना र अन्य प्रशासनिक सेवासहित ११० जना कार्यरत रहेका अध्यक्ष शर्माको भनाइ छ । बर्दिवास नगरपालिकाले नगरसभाबाटै स्वास्थ्यलाई पहिलो प्राथमिकतामा राखेको हुँदा अस्पतालको सेवा अझ विस्तार गर्दै गुणस्तरीय बनाउँदै लग्ने नगरप्रमुख प्रह्लादकुमार क्षत्री बताउँछन् । उपचार प्रबन्धले यो अस्पतालले मधेसभरिकै नगर अस्पतालमा उत्कृष्ट स्थान पाएको बर्दिवास नगर कार्यपालिकाको कार्यालय स्वास्थ्य शाखाका प्रमुख वरिष्ठ जनस्वास्थ्य निरीक्षक सुरेश पासवानको भनाइ छ ।

# सामुदायिक विद्यालयमा पढाउने अभिभावकको निश्शुल्क बीमा

कास्की,७ मङ्सिर/रासस

पोखरा महानगरपालिका–१२ ले सामुदायिक विद्यालयमा छोराछोरी पढाएका सबै अभिभावकको निश्शुल्क पारिवारिक स्वास्थ्य बीमा कार्यक्रम शुरू गरेको छ ।

सरकारी विद्यालयहरूप्रति आकर्षण वृद्धि गर्नका लागि चालू आर्थिक वर्षदेखि कार्यान्वयन हुनेगरी सो कार्यक्रम सञ्चालन गरिएको वडाध्यक्ष सन्तोष बाँस्तोलाले बताए । यस कार्यक्रमबाट सामुदायिक विद्यालयमा पढ्ने विद्यार्थीको शिक्षा र स्वास्थ्य दुवै निश्शुल्क हुने उनले बताए ।

वडाध्यक्ष बाँस्तोलाले भने–"सरकारी विद्यालयको शैक्षिक गुणस्तर वृद्धि गरेर विद्यार्थी आकर्षण बढाउने गरी काम गरिरहेका छौं । सोही अनुसार वडामा स्थायी बसोवास रहेका र सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीका परिवारको बीमा गर्नेछौं । "

पोखरा–१२ मा अमरसिंह माध्यमिक विद्यालय, शीतलादेवी सामुदायिक विद्यालय र सरस्वती आधारभूत विद्यालय गरी तीन विद्यालय छन् । यी विद्यालयमा चार हजार तीन सय विद्यार्थी अध्ययन गर्छन् । पारिवारिक बीमा कार्यक्रमबाट सामुदायिक विद्यालयप्रति आकर्षण वृद्धि गर्ने र वडावासीको स्वास्थ्यमा पहुँचसमेत बढाउने अपेक्षा गरिएको वडाध्यक्ष बास्तोलाले बताए ।

चालू वर्षमा बीमा कार्यक्रमका लागि रु १० लाख बजेट विनियोजन गरिएको वडाले जनाएको छ । स्वास्थ्य बीमा कार्यक्रममा वार्षिक रु तीन हजार पाँच सय प्रिमियम तिरेर परिवारका पाँचजना सदस्यले रु एक लाख बराबरको स्वास्थ्य उपचार सुविधा पाउने व्यवस्था रहेको छ । बीमा प्रिमियमबापतको रकम वडाले भुक्तानी गर्नेछ ।

बीमा कार्यक्रममा सहभागिताका लागि वडामा स्थायी बसोवास खुल्ने अभिभावकको नागरिकता, विद्यालयको सिफारिश र विद्यार्थी परिचयपत्रको प्रतिलिपिसहित निवेदन आह्वान गरिएको वडा सचिव शारदा सापकोटाले बताए ।

यसैगरी, वडाले चालू वर्षदेखि सामुदायिक विद्यालयहरूमा संस्कार शिक्षा पाठ्यक्रम लागू गरेको छ । सामुदायिक विद्यालयहरूमा कक्षा ७ र कक्षा ११ मा संस्कार शिक्षा लागू गरिएको हो । वडाध्यक्ष बाँस्तोलाले अन्य निजी विद्यालयहरूमा पनि संस्कार शिक्षा लागू गर्ने भनेर गृहकार्य भइरहेको बताए । उनले भने–"हाम्रो संस्कार, संस्कृति, परम्परा र माटो संरक्षणसँगै पुस्तान्तरण गर्नु पनि हाम्रो कर्तव्य हो ।"

**बगेर ...**

उत्पादन गर्न सकिने सम्भावना छ । परम्परागतरूपमा विगतमा नुनको उत्खनन भए पनि त्यसलाई आधुनिक तरिकाले गर्न आवश्यक छ । उत्खनन भएको नुनलाई आयोडिन मिसाएर प्रयोगयोग्य बनाउन सकिन्छ ।

वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाका अध्यक्ष रिनजिन नामग्याल गुरुङले नुनखानी भएको ठाउँलाई तेताङ र छुसाङका बासिन्दाको आफ्नो भूगोलमा पर्ने दाबी गर्दा विवाद भएको र व्यक्तिगत जग्गामा खानी भएकोले त्यसका लागि सरकारले नीतिगत निर्णय गर्नुपर्ने बताए ।

यस अघि गाउँपालिकाले २०७५ सालमा नुनखानीबाट निस्कने नुनिलो पानी सङ्कलन गर्ने तीनवटा पोखरी बनाएको थियो । गाउँपालिकाले बनाएको उक्त अस्थायी संरचना नर्साङखोलाको बाढीले क्षति पुऱ्याएको छ ।

मुस्ताङमा नुनको मात्र नभएर युरेनियम, कोइला र ग्याँसको खानी छ । मुक्तिनाथ मन्दिर परिसरमा ग्याँसको खानी भएकोले त्यहाँ निरन्तर बलिरहने ज्वाला छ । खानी तथा भूगर्भ विभागले २०७०/७१ सालमा गरेको प्रारम्भिक अन्वेषणमा लोमान्थाङ क्षेत्रमा १० किमी लम्बाइ र तीन किमी चौडाइमा युरेनियम भेटिएको थियो ।

युरेनियन खानीको संरक्षण र सुरक्षाका लागि लोमान्थाङको लुङखुफाँटमा नेपाली सेनाको क्याम्प राखिएको छ । युरेनियमलाई इन्धन र परमाणु हतियार निर्माणका लागि कच्चा पदार्थका रूपमा प्रयोग गर्न सकिन्छ । जोमसोम नजीकैको ठिनी लेकमा कोइला खानी छ । मुस्ताङमा रहेका खानीको व्यवस्थित हिसाबले उत्खनन र संरक्षण गर्न सकेमा रोजगार सृजना, आयात घटाउन र देशको अर्थतन्त्रमा योगदान पुग्ने देखिन्छ ।

# बरामद ढुङ्गालाई कानूनी दायरामा ल्याउँछौं -जिसस प्रमुख साह

# तोकिएभन्दा बढी नदीजन्य पदार्थ उठाउन दिनौं -प्रजिअ

प्रस, निजगढ, ७ मङ्सिर/

निजगढ नगरपालिकास्थित बकैया खोलाबाट अवैध उत्खनन गरी ल्याइएका ढुङ्गालाई कानूनी दायरामा ल्याउने जिल्ला समन्वय समिति बाराका प्रमुख नरेन्द्रकुमार साहले बताएका छन्।

मोहोरीस्थित बकैया खोलाबाट ढुङ्गा चोरी तस्करी, वन डिभिजन, निजगढ नपासहित नेपाली सेना पनि मौन शीर्षकमा बिहीवार प्रतीक दैनिकमा प्रकाशित समाचारबाट ध्यानाकर्षण भएसँगै जिल्ला समन्वय समिति बाराका प्रमुख साह, प्रमुख जिल्ला अधिकारी वसन्त अधिकारी, डिभिजन वन अधिकृत राजीवकुमार झा, जिल्लास्थित सुरक्षा निकाय प्रमुखसहितको टोलीले शुक्रवार अवैधरूपमा ढुङ्गा थुपारिएको स्थान र क्रसर उद्योगको अनुगमन गरेको थियो।

गैरकानूनीरूपमा उत्खनन गरी ढुङ्गा सङ्कलन गर्दा पनि निजगढ नगरपालिकाले नियन्त्रणतर्फ चासो नदेखाउँदा अवैध धन्दा गर्नेहरूको मनोबल बढेको थियो। अवैध कार्यलाई रोक्नु स्थानीय तहको दायित्व रहेको बताउँदै कानूनी दायरामा ल्याउने जिसस प्रमुख साहले बताए।

प्राकृतिक स्रोत साधनको चरम दोहन गरिएको पाइएको उनले प्रतिक्रिया दिए। खोलाबगर आसपास र अन्य स्थानमा थुपारिएका अवैध ढुङ्गाको अनुगमनपछि गैरकानूनी ढङ्गले थुपारिएका ढुङ्गा सङ्कलन गर्ने, गराउने व्यक्तिहरूको पहिचान गरी कानूनी कारबाही अघि बढाउनुपर्ने बाराका प्रमुख जिल्ला अधिकारी वसन्त अधिकारीले बताए।

प्राकृतिक स्रोत साधन नदीजन्य पदार्थ गैरकानूनीरूपमा ल्याउने कार्य अविलम्ब बन्द गराउन सुरक्षा निकायलाई निर्देशन दिने प्रजिअ अधिकारीले बताए। अनुगमनकै क्रममा बकैया खोलाको ठेक्का लिएको जीतपुरसिमरा उपमहानगरपालिका-१ का जयगणेश सप्लायर्सले ठेक्काको पुर्जी काट्ने स्थान बकैया पुलमा पुगी इमानदारीका साथ दैनिक रसिद काट्न ठेकेदारहरूलाई निर्देशन दिएका थिए। उनले तोकिएको परिमाण पुग्ने बित्तिकै खोला सिल गर्ने बताए।

गत कात्तिक ९ गते मापदण्डभित्र रही वातावरणीय परीक्षण प्रतिवेदनमा तोकिएको परिमाण र स्थानबाट नदीजन्य पदार्थ उत्खनन, सङ्कलन, ओसारपोसार गर्न निजगढ नपाबाट सम्झौता भएपछि अनुमति पाएको हो। अनुमति पाएको ठेकेदार कम्पनीले कात्तिक २२ गते छठ पर्वपछि खोलामा मापदण्डले तोकेको स्थानमा उत्खनन कार्य शुरू गरेको छ। तर दुई साता पनि नबित्दै दुई हजार पाँच सय घनमिटर अर्थात् सात हजार ट्याक्टरभन्दा बढी ढुङ्गा अवैधरूपमा खोलाबाट ल्याइ थुपारिएको अनुमान छ।

ठेकेदारले खोलामा उत्खनन शुरू गर्नु अघि नै थुपारिएका ढुङ्गाहरू कानूनीरूपमा अवैध हुन्। वनजङ्गल क्षेत्रलाई हानिनोक्सानी हुनेगरी चुरे क्षेत्र र चुरे संरक्षित क्षेत्रको खोलाबाट समेत अवैधरूपमा ढुङ्गा सङ्कलन गर्ने गरेका छन्।

अनुगमन टोलीमा सहभागी जिल्ला प्रहरी कार्यालय बाराका प्रमुख महेन्द्र खड्का, सशस्त्र प्रहरी बल, बाराका प्रमुख सन्तोषबहादुर सिंह, इप्रका निजगढका प्रमुख सुमित कुशवाहा, सशस्त्र प्रहरी निजगढ, निजगढ नपा राजस्व शाखा प्रमख दिनेश श्रेष्ठ, वन वातावरण शाखा प्रमुख सहायक वन अधिकृत अनिल कोइराला, सबइन्जिनीयर नवीन खनालगायतले अवैधरूपमा ढुङ्गा थुपारिएको स्थानको अनुगमन निरीक्षण गरेका थिए।


निजगढको बकैया खोलाबाट अवैधरूपमा ल्याइ थुपारिएको स्थानमा अनुगमन गर्दै जिसस बाराका प्रमुख साह, प्रजिअ अधिकारी, डिभिजनल वन अधिकृत झालगायत। तस्वीरः प्रतीक

# वृद्धाश्रमलाई दैनिक उपभोगका सामान सहयोग

प्रस, वीरगंज, ७ मङ्सिर/

उपकार सेवा नेपालले यो महिना पनि ठोरी गाउँपालिका-१ भगवाननगरस्थित वृद्धाश्रमलाई दैनिक उपभोग्य वस्तु सहयोग गरेको छ। आश्रममा आश्रित २३ जना अपाङ्ग, सुस्तमनस्थिति, वृद्धवृद्धा आमाबुबा तथा बालबालिकाहरूको लागि चामल, दाल, मसला, बेसार, खुर्सानी, बिस्कुट, चाउचाउ, च्युरा, नुन, खानेतेल, सर्फ, हार्पिक, फिनेल, साबुन, सेनिटरी प्याड, डाइपरलगायतका दैनिक उपभोग्य सामग्री उपलब्ध गराएको सामाजिक कार्यकर्ता प्रकाश थारूले बताए।



आश्रममा पुगेर संस्थाकी अध्यक्ष विद्याकुमारी सरावगीले आश्रमका सदस्य रामबहादुर थिङलाई ती सामग्रीहरू हस्तान्तरण गरेकी थिइन्।

उपकार सेवा नेपालले ठोरीको यो आश्रमलाई मासिक रूपमा दैनिक उपभोग्य सामग्री सहयोग गर्दै आएको सामाजिक कार्यकर्ता थारूले बताए।

### आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|






# खेलकूदको संसार

## कार्पोरेट सुपर सिक्स क्रिकेटः क्वेस्ट फर्मास्युटिकल्स विजयी

प्रस, वीरगंज, ७ मङ्सिर/

वीरगंज महानगरपालिका-१० आदर्शनगर रङ्गशालामा जारी कार्पोरेट सुपर सिक्स क्रिकेट प्रतियोगिता अन्तर्गत शुक्रवार भएको खेलमा क्वेस्ट फर्मास्युटिकल्स विजयी भएको छ।

टस हारेर ब्याटिङको निम्तो पाएको नेपाल टेलिकमले निर्धारित छ ओभरको खेलमा ५४ रन बनाएको थियो। सो



लक्ष्यलाई क्वेस्ट फर्मास्युटिकल्सले पूरा गरी विजयी भएको हो। आजको खेलको 'म्यान अफ दी म्याच' क्वेष्ट फर्मास्युटिकल्सका प्रबल कसजु घोषित भए। उनलाई वीरगंज उद्योग वाणिज्य सङ्घका अधिकृत मनोजकुमार उपाध्यायले पुरस्कार प्रदान गरेका थिए।

लायन्स क्लब अफ वीरगंज र स्पोर्ट्स एकेडेमीको संयुक्त आयोजनामा गत शनिवारदेखि आदर्शनगर रङ्गशालामा प्रतियोगिता जारी छ।

## सञ्जीत युके प्रस्थान

काठमाडौं, ७ मङ्सिर/रासस

डब्लुएमएसी वेल्स खुला प्रतियोगितामा सहभागी हुन सञ्जीतकुमार राई शुक्रवार युकेको साउथ वेल्स प्रस्थान गरेका छन्।

सञ्जीतलाई सफलताको शुभकामना दिँदै नेपाल उमा कुङ्फु सङ्घका महासचिव कमल मगरले आजै त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा बिदाइ गरे।

नोभेम्बर २४ तारिखमा इबिबिडब्लू भेल लिजर सेन्टर, साउथ वेल्समा हुने प्रतियोगितामा सञ्जीतले दुई स्पर्धामा नेपालको चुनौती प्रस्तुत गर्नेछन्। उनले चाइनिज क्रिएटिभ फम र चाइनिज ट्रेडिशनल फममा प्रतिस्पर्धा गर्नेछन्। यस अघि सञ्जीतले दुईवटा अन्तर्राष्ट्रिय प्रतियोगितामा दुईवटा स्वर्ण र एउटा कांस्य पदक जितिसकेका छन्।

उनले सन् २०२२ मा स्लोभेनियामा भएको विश्व मार्शल आर्ट्स गेम्समा एक स्वर्ण र एक कांस्य तथा २०२४ मा अमेरिकाको न्युजर्सीमा भएको ब्याटल अफ ड्रागन मार्शल आर्ट्स च्याम्पियनशिपमा स्वर्णपदक जितेका थिए। राष्ट्रिय उमा कुङ्फु प्रतियोगिताका दुई फरक संस्करणमा सञ्जीतले दुई स्वर्ण जितेका छन्।

सञ्जीतले भारत, अस्ट्रिया र जर्मनीमा भएको प्रतियोगितामा निर्णायकको भूमिका निर्वाह गर्नाका साथै विभिन्न घरेलु प्रतियोगितामा मुख्य निर्णायकका रूपमा पनि काम गरेका थिए। सञ्जीत नेपाल उमा कुङफु सङ्घका नवनिर्वाचित अध्यक्ष पनि हुन्।

# पुनर्परीक्षणबाट रिया एसइईमा उत्कृष्ट घोषित

प्रस, परवानीपुर, ७ मङ्सिर/



माध्यमिक शिक्षा परीक्षा (एसईई) २०८० को परीक्षामा गौतम माविकी रिया साह जिल्लामा उत्कृष्ट घोषित भएकी छन्। वीरगंज-१६ नगवामा बस्ने १७ वर्षीया रियाको यस अघि ३.९५ जिपिए थियो र उनी जिल्लामा दोस्रो भएकी थिइन्। एन्जल इन्टरनेशनल स्कूलकी छात्रा आँचल पटेल ३.९६ जिपिए ल्याएर जिल्लामा उत्कृष्ट घोषित भएकी थिइन्। रियाले सबै विषयमा ए प्लस र कम्प्युटरको थ्योरीमा बी प्लस ल्याएकीले उनी दोस्रो भएकी थिइन्।

रियाले थ्योरीमा ल्याएको बी प्लसमा पुनर्परीक्षणको लागि राष्ट्रिय परीक्षा बोर्डमा निवेदन दिइन् र पुनर्परीक्षणमा उनको दुई अङ्क बढेर ३.९७ जिपिए भएको थियो। योसँगै उनी आँचलभन्दा बढी अङ्क ल्याएर पर्सा जिल्लामा उत्कृष्ट घोषित भएकी हुन्।

उनका` पुनर्परीक्षणबाट अङ्क बढेर जिल्लामा उत्कृष्ट भएपछि शुक्रवार गौतम माविले कार्यक्रम आयोजना गरी रियालाई सम्मान गरेको थियो।

गौतम माविकी सहायक प्रधानाध्यापिका पिया लामाको अध्यक्षतामा भएको सम्मान कार्यक्रममा वीरगंज महानगरका शैक्षिक प्रशासन महाशाखा प्रमुख एवं निमित्त प्रमुख प्रशासकीय अधिकृत अरविन्दलाल कर्ण, प्याब्सन पर्साका अध्यक्ष पुरन प्रधान, उपाध्यक्ष शिवजी गुप्ता, महानगर अध्यक्ष आलोक चौरसिया लगायतले रियालाई सम्मानित गरेका थिए।

उनका पिता राजकुमार साहले उत्कृष्ट भएकोमा खुशी व्यक्त गर्दै छोरीको इच्छा अनुसार आइटी इन्जिनियरको अध्ययन गराउने बताए।

**गढीमाई ...**

भइरहेको बताए।

झुला, मौतका कुवा, थिएटर, सर्कसलगायतका मनोरञ्जन देखाउने तयारी भइरहेको उनले बताए। उनले मेलाविरुद्ध अफवाह फैलाउने कार्य भएको र मनोरञ्जनका साधनहरू मेलाबाट बाहिरिएको भन्ने कुरामा सत्यता नरहेको बताए। उनले मङ्सिर १३ गतेदेखि मनोरञ्जनका साधनहरूको प्रयोग हुने र अफवाह आफैं सकिने दाबी गरे।

**९२ किलो ...**

बरामद भएको बताए। बसपार्कबाट रजतजयन्तीतर्फ गइरहेको उक्त मिनीट्रकमा लोड कन्टेनरभित्र सेतो प्लास्टिकले प्याक गरिएको चार पोकामा गाँजा बरामद भएको उनले बताए।

बरामद गाँजा र मिनीट्रक तथा तीनजनालाई जिप्रकामा राखेर थप अनुसन्धान भइरहेको प्रवक्ता लम्सालले बताए।

यसैगरी हिजो वीरगंजबाट रक्सौलतर्फ जाँदै गरेका एकजना वृद्धबाट सात किलो गाँजा बरामद भएपछि उनलाई पक्राउ गरिएको प्रवक्ता लम्सालले बताए। रक्सौलतर्फ पैदल जाँदै गरेका उनलाई शङ्कराचार्य गेटनजीक चेकजाँच गर्दा वृद्धले बोकेको झोलाबाट सो परिमाणको गाँजा बरामद भएको हो।


## आगो, हिटर वा गिजर प्रयोगमा होशियारी अपनाऔं

> आगो वा हिटर नजिकबाट नतापौं,
> कागज, कपडा जस्ता छिटो जल्ने खालका सामग्री आगो वा हिटरको नजीकै नराखौं,
> कोठामा आगो वा हिटर बाल्दा हावा ओहोरदोहोर हुने व्यवस्था मिलाऔं,
> हिटरलाई समयसमयमा बन्द गर्ने गरौं,
> आगो वा हिटर बन्द गरेर मात्र सुतौं,
> आगो, हिटर र बिजुलीको काम सकिने बित्तिकै बन्द गरौं,
> गिजरलाई बाथरूमबाहिर खुला ठाउँमा जडान गरौं,
> बाथरूममा गिजरको प्रयोग गर्दा भेन्टिलेशन खुला राखौं,
> गिजर खोलेर लामो समयसम्म बाथरूममा नबसौं।

नेपाल सरकार
विज्ञापन बोर्ड